# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १९३ | काठमाडौं | बिहीबार, २७ कात्तिक २०८२ | Prabhab National Daily | Thursday, 13 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## सम्झौताको गृहकार्यमा सरकार र जेन-जी समूह



सरकारलाई आफ्नो समूहको माग बुझाउँदै जेन-जी फ्रन्टका अगुवाहरू ।

■ जेबी योञ्जन

- १० वर्ष युद्धपछि माओवादी र सरकारबीच भएजसरी यसपटक जेन-जी र सरकारबीच सम्झौता हुन लागेको हो
- सम्झौताका लागि जेन-जी अलायन्स र जेन-जी फ्रन्टले सरकारलाई पठाए प्रस्ताव
- प्रस्तावहरूलाई एकीकृत गरी सम्झौता गर्ने तयारी

**काठमाडौं–** सरकार र जेन-जी समूहबीच गत २३ र २४ भदौमा भएको विद्रोहको क्रममा उठेका मागहरूलाई संस्थागत गर्न सम्झौताको गृहकार्य भइरहेको छ । १० वर्ष युद्धपछि माओवादी र सरकारबीच भएजसरी यसपटक जेन-जी र सरकारबीच सम्झौता हुन लागेको हो ।

सम्झौताका लागि जेन-जीका दुई समूहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छुट्टाछुट्टै प्रस्ताव पठाएका छन् । देशव्यापी सञ्जाल रहेको दाबी गर्ने जेन-जी अलायन्स र जेन-जी फ्रन्टले प्रस्ताव पठाएका हुन् ।

जेन-जी फ्रन्टमा रक्षा बम, युजन राजभण्डारी, आदित्य कर्णलगायत छन् । सुदन गुरुङको समर्थन रहेको भन्ने अलायन्समा मोनिका निरौला, रिजन रानामगर, अमित खनाललगायत छन् । अलायन्सको प्रस्तावमा जेन-जी विद्रोह र त्यसपछिको राजनीतिक परिवर्तनसँगै सरकार गठन प्रक्रियालाई स्वीकार्नुपर्ने विषय उल्लेख छ । आन्दोलनको क्रममा भएको तोडफोड र क्षतिबारे संक्रमणकालीन न्याय निरूपण गर्ने प्रस्ताव पनि गरेको छ ।

अलायन्समा रहेकी मोनिका निरौलाले प्रभावसँग भनिन्, '२३ र २४ गतेको घटनामा न्याय निरूपण गर्दा संक्रमणकालीन न्याय प्रणालीअनुसार हुनुपर्छ, जसरी माओवादी द्वन्द्वको हुने भएको छ, यसका लागि हामीले सम्झौता गर्नुपर्छ भनेर प्रस्ताव गरेका छौं ।'

आगामी २१ फागुनमा तोकिएको प्रतिनिधिसभा चुनावमा उम्मेदवारलाई अस्वीकार गर्ने विकल्पको निश्चित गर्न पनि प्रस्ताव गरिएको छ । निर्वाचन कानुन संशोधन गरेर २१ वर्षमै प्रतिनिधिसभा वा प्रदेशसभा सदस्य बन्न पाउनुपर्ने अर्को प्रस्ताव अलायन्सको छ । हाल २५ वर्ष उमेर पुगेका नेपाली नागरिक यी दुवै संसद्को सदस्य बन्न योग्य हुन्छन् । तर, अलायन्सले चार वर्षअघि नै योग्य हुनेगरी उमेरमा संशोधनको प्रस्ताव गरेको हो ।

प्रस्तावमा ७५ वर्षभन्दा माथिका व्यक्तिलाई दुवै सभामा सदस्य हुन अयोग्य बनाउनुपर्ने प्रस्ताव गरिएको निरौला बताउँछिन् । उनका अनुसार प्रत्यक्ष कार्यकारी राष्ट्राध्यक्षसम्बन्धी देशभरि बृहत् नागरिक छलफलको मुद्दा पनि अलायन्सले उठाएको छ ।

बम नेतृत्वको जेन-जी फ्रन्टले भने प्रधानमन्त्री कार्यालयमा पठाएको सम्झौता प्रस्तावमा राजनीतिक आन्दोलनको रूपमा जेन-जी विद्रोहलाई स्वीकार्नुपर्ने भनेको छ ।

क्रमशः पृष्ठ २ मा

## निर्वाचनको तीव्र तयारी युवा मतदाता उत्साही

- प्रधानमन्त्री सुशीला कार्कीसँग निर्वाचन आयोगका पदाधिकारीको छलफल
- निर्वाचनका लागि ६० प्रतिशत काम भइसकेको र निर्वाचन गर्न तयार रहेको आयोगको भनाइ
- जेन-जी विद्रोहपछि मंगलबारसम्म थपिए दुई लाख नौ हजार ५५२ मतदाता, नयाँ मतदातामा युवाको संख्या उल्लेख्य
- मतदाता नामावलीमा नाम दर्ता गर्नेको चाप बढेपछि निर्वाचन कार्यालयहरूमा कर्मचारी बढाउँदै आयोग



प्रधानमन्त्री सुशीला कार्की र निर्वाचन आयोगका पदाधिकारीबीच बुधबार सिंहदरबारमा भएको छलफल । *तस्बिरः रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेन-जी विद्रोहले सिर्जना गरेको परिवर्तनलाई संस्थागत गर्न युवाहरू तम्सिएका छन् । देशभर युवाहरू मतदाता नामावलीमा सूचीकृत हुन लागेको लाइनबाट युवाहरू निर्वाचनमा भाग लिन उत्साही देखिएका हुन् ।

म्याग्दीकी अस्मी सापकोटा यसपटकको मतदानमा सहभागी हुन निकै उत्साही सुनिन्छिन् । 'पहिलोपटक मतदानमा भाग लिन पाउने भएकाले उत्साही भएको छु,' म्याग्दी अन्नपूर्ण गाउँपालिका-३ की सापकोटाले भनिन् । योग्य उमेदवालाई जिताएर नीति निर्माण तहमा पुऱ्याउन सके बेरोजगारी, भ्रष्टाचार, ढिलासुस्तीजस्ता समस्याको सम्बोधन हुने अपेक्षा उनको छ ।

अन्तरिम सरकारले फागुन २१ गते निर्वाचन गराउनुपर्ने म्याण्डेट पाएको छ । आइतबार मतदाता नामावलीमा नाम दर्ता गराउने अन्तिम दिन हो ।



हाम्रो मूल्यांकनअनुसार तोकिएकै मितिमा निर्वाचन गराउन सम्भव छ र आयोग यसका लागि सक्षम छ । कुनै द्विविधा राख्नुपर्ने अवस्था छैन ।

**रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

यसपटक देशभर युवाहरूमा मतदान गर्न उत्साहित देखिएको जिल्ला निर्वाचन कार्यालयहरूको भनाइ छ ।

आयोगका प्रवक्ता एवं सहसचिव नारायण भट्टराईका अनुसार मतदाता नामावलीमा नाम दर्ता गर्नेको चाप बढेपछि कर्मचारीसमेत थपिएका छन् । काठमाडौं उपत्यकाभित्रका तीन जिल्लामा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट थप १४ जना थप दर्ता कर्मचारी खटाइएको भट्टराईले बताए । अन्य जिल्लाहरूमा सेवाग्राहीको चापका आधारमा प्रमुख जिल्ला अधिकारीमार्फत थप जनशक्ति खटाउन गृह मन्त्रालयसँग समन्वय गरिएको छ ।

लुम्बिनी र मधेस प्रदेशमा यसरी मतदाता नामावलीमा फाराम भर्न युवाहरूले नै सघाइरहेका छन् । आयोगका सातवटै प्रदेश र ७० वटै जिल्ला निर्वाचन कार्यालयबाट हरेक दिन बिहान ८:०० बजेदेखि बेलुका ६:०० बजेसम्म मतदाता नामावली संकलन तथा अद्यावधिक भइरहेको आयोगले जानकारी दिएको छ ।

क्रमशः पृष्ठ २ मा

### जेन-जी विद्रोहपछि २१ दल दर्ताको प्रक्रियामा

प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति घोषणापछि नयाँ राजनीतिक दल पनि थपिने क्रम जारी रहेको छ । आयोगमा हालसम्म राजनीतिक दल दर्ताको संख्या १२५ पुगेको छ । निर्वाचन घोषणापछि विभिन्न २१ नयाँ दलले निर्वाचन आयोगमा दर्ताका लागि निवेदन दिएकामा अध्ययनपश्चात् स्वीकृत हुने क्रम जारी रहेको छ ।

पछिल्लो दिनमा कबिर सोपको नेतृत्वमा 'जाँतो' निर्वाचन चिह्न भएको नागरिक उन्मुक्ति पार्टी नेपाल नयाँ दर्ता भएको छ । हर्क साङपाङ नेतृत्वको श्रम संस्कृति पार्टी र दिनेशराज प्रसाईं नेतृत्वको गतिशील लोकतान्त्रिक पार्टी नयाँ थपिएको छ । दल विभाजन भई राष्ट्रिय जनमुक्ति पार्टी र जनस्वराज पार्टी नयाँ दल भएका छन् ।

ऊर्जा, भौतिक पूर्वाधार र सहरी विकासमन्त्री कुलमान घिसिङको पार्टीका रूपमा चिनिएको उज्यालो नेपाल पार्टीले गत साउन २७ गते नै दर्ताका लागि निवेदन दिएको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## जिट्को खारेजीका लागि अध्ययन गर्दै मन्त्रालय

■ प्रभाव संवाददाता









**काठमाडौं–** सरकारले जापान इन्टरनेसनल ट्रेनी एण्ड स्किल्ड वर्कर को-अपरेसन अर्गनाइजेसन (जिट्को) खारेज गर्ने तयारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यसका लागि अध्ययन गरिरहेको छ । सहसचिव पिताम्बर घिमिरेको संयोजक रहेको समितिले यसबारे अध्ययन गरिरहेको मन्त्रालयले जानकारी दिएको छ ।

जापानले नेपालसहित भारत, पाकिस्तान, चीन, फिलिपिन्स, भुटान, कम्बोडियालगायत १६ वटा मुलुकबाट जिट्कोअन्तर्गत प्रशिक्षार्थी कामदार लैजाँदै आएको छ । तर, परिवर्तित अवस्थामा यो प्रणाली सान्दर्भिक नभएको भन्दै खारेज गर्न लागिएको मन्त्रालयको वैदेशिक रोजगार व्यवस्थापन महाशाखाका एक अधिकारीले बताए ।

उनका अनुसार जिट्को पुरानो व्यवस्था भएकाले यसलाई खारेज गर्दा रोजगारीमा असर गर्छ/गर्दैन भनेर अध्ययन भइरहेको छ । 'जापान आफैंले पनि हाल टेक्निकल इन्टर्न ट्रेनिङ प्रोग्राम (टिआइपिटी) हुँदै अब इम्प्लोइमेन्ट फर स्किल डेभलपमेन्ट (इएसडी) कार्यान्वयन गर्ने तयारी गरिरहेको अवस्थामा जिट्को त्यति सान्दर्भिक पनि देखिएको छैन,' ती अधिकारीले भने ।



व्यवसायीहरूले पटक-पटक जिट्कोको समस्या राखेकाले के रहेछ भनेर अध्ययन थालिएको हो । खारेज नै गर्ने भनेर अध्ययन थालेको होइन । अध्ययनबाट आउने निष्कर्षका आधारमा अघि बढ्छौं ।

**पिताम्बर घिमिरे**
प्रवक्ता, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

मन्त्रालयले अध्ययन सकेपछि यसको निर्णय मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने भएकाले केही समय लाग्नसक्ने ती उनी बताउँछन् । मन्त्रालयका प्रवक्तासमेत रहेका सहसचिव घिमिरेले भने व्यवसायीहरूले पटक-पटक जिट्कोको समस्या राखेकाले के रहेछ भनेर अध्ययन थालिएको बताए । खारेज नै गर्ने भनेर अध्ययन नथालेको भए पनि अध्ययनको निष्कर्षअनुसार अघि बढ्ने उनले बताए ।

जापानले सन् २०१७ मा जिट्को खारेज गरेर सोही वर्षबाटै टेक्निकल इन्टर्न कार्यक्रम सञ्चालनमा ल्याएको थियो । तर टेक्निकल इन्टर्नले पनि धेरै आलोचना खेप्दै आएको छ । यसअन्तर्गत गएका विदेशी इन्टर्नहरूले जागिर परिवर्तन गर्नमा कडाइ, लामो कार्यघण्टा, दुर्व्यवहारजस्ता समस्या झेल्नुपरेको गुनासो बढेपछि जापानले यसलाई प्रतिस्थापन गर्ने भनेर सन् २०२४ मै योजना बनाएको थियो ।

सन् २०२७ बाट लागू गर्ने भनिएको इएसडीमाथि विशेषज्ञ टोलीले छलफल गरेपछि मन्त्रिपरिषद्बाट यसै वर्षभित्र अनुमोदन हुने अपेक्षा गरिएको छ । यो टेक्निकल इन्टर्नभन्दा पारदर्शी हुने र सीपयुक्त कामदारलाई आकर्षित गर्ने बताइँदै आएको छ । नयाँ व्यवस्था कार्यान्वयनमा आएपछि टेक्निकल इन्टर्न भिसामा गएकाहरू स्पेसिफाइड स्किल वर्कर (एसएसडब्ल्यू)मा रूपान्तरित हुने जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

## नयाँ आइजिपी कार्कीलाई चुनौतीको चाङ

■ प्रभाव संवाददाता



- प्रहरीको आत्मबल बढाउनु
- लुटिएका प्रहरीका हतियारहरू फिर्ता ल्याउनु
- शान्ति सुरक्षाको प्रत्याभूति गराउनु
- दुर्गा प्रसाईंको घोषित आन्दोलन शान्तिपूर्ण गराउनु
- जेन-जी समूहहरूको मागअनुसार ओली-लेखकलाई पक्राउ गर्नु
- २१ फागुमान शान्तिपूर्ण ढंगले मतदान सम्पन्न गराउनु

**काठमाडौं–** नवनियुक्त प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीले आजदेखि नेपाल प्रहरीको नेतृत्व सम्हाल्दै छन् । नेपाल प्रहरीमा ७९ हजार ५४१ जना जनशक्ति छन् । ३३औं आइजिपीका रूपमा कार्कीले यति धेरै जनशक्ति रहेको प्रहरी संगठनको नेतृत्व २१ महिना गर्न लागेका हुन् ।

कार्की त्यस्तो बेला आइजिपी भएका छन्, जतिबेला जेन-जी विद्रोहपछि प्रहरी संगठनको मनोबल गिरेको छ । देशमा शान्ति सुरक्षा कायम गर्ने मूल अभिभारा भएको प्रहरीको जेन-जी विद्रोहको क्रममा ४०० भन्दा बढी चौकीमा आगजनी र तोडफोड भए । प्रहरीका हतियार र बर्दी लुटिए । जवान, हवल्दारदेखि असई गरी तीन जना मारिए । थुप्रै घाइते भए । केहीले लुकेर ज्यान जोगाए । गस्तीमा प्रयोग गर्ने सवारीसाधनहरू खरानी भए । यस्ता घटनाले सिंगो प्रहरी संगठन त्रस्त छ ।

विद्रोहको क्रममा प्रहरीबाट लुटिएका सयौं हतियार फिर्ता भएको छैन । कतिपय हतियार त आपराधिक व्यक्तिहरूको हातमा परेको आशंका गरिएको छ । उनीहरूबाट सुरक्षा चुनौती बढेको छ । कारागारबाट फरार चार हजारभन्दा बढी कैदीबन्दीलाई पक्राउ गर्नुपर्ने छ । यी चुनौतीपूर्ण अभिभारा पनि नवनियुक्त आइजिपी कार्कीको काँधमा छ ।

क्रमशः पृष्ठ २ मा

### खापुङको बिदाइ

गृहमन्त्री ओमप्रकाश अर्यालले सेवानिवृत्त आइजिपी चन्द्रकुबेर खापुङलाई बिदाइ गरेका छन् । ६९ दिनको कार्यकाल सकिएर सेवानिवृत्त भएका खापुङलाई गृह मन्त्रालयमा एक कार्यक्रम गरी अर्यालले बुधबार बिदाइ गरेका हुन् ।

त्यस क्रममा प्रहरी संगठनको नेतृत्वमा छोटो समय रहँदा पनि प्रहरीको मनोबल उच्च बनाउने काम गरेको भन्दै अर्यालले खापुङको प्रशंसा गरे । खापुङले बिदाइअघि प्रधानमन्त्री सुशीला कार्कीसँग पनि भेटघाट गरेका थिए ।

पृष्ठ १ बाट क्रमशः

## निर्वाचनको...

आयोगले गत असोज ९ गतेदेखि नामावली संकलन सुरु गरेको हो ।

### ६० प्रतिशत तयारी सकियोः आयोग

निर्वाचन आयोगले फागुन २१ गतेका लागि तय गरिएको निर्वाचनका लागि ६० प्रतिशत काम भइसकेको जानकारी दिएको छ । प्रधानमन्त्री सुशीला कार्कीसँग बुधबार भएको छलफलमा आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन तयारीअन्तर्गतका ६० प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको बताएका हुन् । उनले हालसम्मको मूल्यांकनमा आउँदो फागुन २१ गते निर्वाचन सम्पन्न गर्न सकिने विश्वास रहेको बताए ।

आयोगमा नयाँ दल दर्ता र मतदाता नामावलीमा समावेश हुने क्रम पनि उत्साहजनक रहेको भण्डारीले बताए । 'हाम्रो मूल्यांकनअनुसार तोकिएकै मितिमा निर्वाचन गराउन सम्भव छ र आयोग यसका लागि सक्षम छ । कुनै द्विविधा राख्नुपर्ने अवस्था छैन,' प्रधानमन्त्री कार्कीसँगको छलफलमा भण्डारीले भने ।

मतदाता नामावली दर्ताका लागि चाप बढेपछि आयोगले आजबाटै राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा पनि मतदाता नामावलीमा समावेश गर्ने प्रक्रिया सुरु गर्दै छ । जेन-जी विद्रोहपछि बुधबारसम्ममा दुई लाख नौ हजार ५५२ मतदाता थपिएको भण्डारीले बताए । कात्तिक २५ गतेसम्ममा एक लाख २२ हजार ७४० पुरूष, ८६ हजार ७८५ महिला र अन्य २७ जना नयाँ मतदाता थपिएका हुन् ।

हालसम्म २२ वटा राष्ट्रिय र दुईवटा अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाहरू निर्वाचन पर्यवेक्षणका लागि नाम दर्ता गराउन आइसकेको उनले बताए । सिंहदरबारमा बुधबार भएको छलफलमा आयोगका कार्यवाहक प्रमुख आयुक्त भण्डारी, आयुक्तद्वय डा. जानकीकुमारी तुलाधर, सगुनशमशेर राणा र अन्य अधिकारीसमेत उपस्थित थिए ।

■■■

## जेन-जी...

उक्त दलको पदाधिकारीको नाम अद्यावधिक गर्ने काम बुधबारबाट सुरु भएको छ । कात्तिक २४ गते अकबर खानको राष्ट्र निर्माण दल नेपाल, कात्तिक २५ गते रमणकुमार कर्णको जनादेश पार्टी नेपाल र प्रशान्त सिंहको पिपुल फ्रन्ट पार्टी दर्ताका लागि आयोगमा पुगेका छन् । बुधबारमात्र नागरिक उन्मुक्ति पार्टी नेपालले दर्ताको प्रमाणपत्र लिएको छ । सनाखत सम्पन्न भएपछि मात्र दलहरूलाई आयोगले दर्ताको प्रमाणपत्र दिने गरेको छ ।

### निर्वाचन प्रयोजनका लागि अलग्गै दर्ता हुनुपर्ने

निर्वाचन प्रयोजनका लागि आयोगले सूचना प्रकाशन गरेपछि पुराना र यी नयाँ दलले निर्वाचनमा भाग लिने भएमा पुनः दल दर्ताको निवेदन दिनुपर्ने हुन्छ । त्यसअघि नयाँ दलले दर्ताको निवेदन स्वीकृत गराई दर्ता प्रमाणपत्र लिइसकेको हुनुपर्छ ।

आयोगले गत असोज २० गते स्वीकृत गरेको निर्वाचन कार्यतालिकाअनुसार यही कात्तिक २८ गते निर्वाचन प्रयोजनका लागि दल दर्ताको सूचना प्रकाशन गर्ने छ । सोका लागि आयोगले आगामी मंसिर १ गतेदेखि १० गतेसम्म १० दिनको समय दिने छ । यसरी दर्ता गर्ने दलले मात्र निर्वाचनमा भाग लिन पाउने छन् ।

■■■

## सम्झौताको...

विद्रोहलाई अपराधीकरण गर्न खोजेको चर्चामाझ फ्रन्टले विद्रोहलाई राजनीतिक आन्दोलनको हिस्सा स्वीकार्नुपर्ने गरी प्रस्ताव गरेको हो ।

प्रस्तावमा दुवै समूहको साझा मुद्दाको रूपमा जेन-जी विद्रोहमा मारिएका व्यक्तिलाई सहिद घोषणा र घाइतेको माग सम्बोधनको विषय छन् । विद्रोहमा दमनका घटनाको अनुसन्धान र छानबिन आयोगको प्रतिवेदन कार्यान्वयनको माग दुवैको छ । भ्रष्टाचार नियन्त्रण, दलीय भागबण्डाको अन्त्य, पारदर्शितालगायत विषय पनि दुवै समूहको सम्झौताका आधारभूत मुद्दा बनेका छन् ।

अर्को साझा प्रस्ताव आगामी चुनावका लागि मतदाता नामावलीमा जेन-जी युवाहरूको सहभागिताका लागि पहल गरिनुपर्ने र प्रवासी नेपालीलाई मताधिकारको व्यवस्था मिलाउनुपर्ने रहेको छ । संवैधानिक र शासकीय सुधारको विषय पनि सम्झौताको विषय रहेको उल्लेख छ । समानुपातिक समावेशी प्रतिनिधित्व र सहभागितामूलक शासन व्यवस्थामा सुधार औंल्याएका छन् । जेन-जी फ्रन्टका युजन राजभण्डारीका अनुसार दुवै समूहको साझा सवाललाई समेटेर सम्झौताको मध्यबिन्दु प्रस्ताव तयार गरी सरकारसँग सम्झौता गर्नु उचित हुन्छ । त्यसका लागि छलफल भइरहेको उनको भनाइ छ ।

उसो त प्रधानमन्त्री सुशीला कार्कीका जनसम्पर्क सल्लाहकार गोविन्दनारायण तिमिल्सिनाले पनि फरक-फरक जेन-जी अगुवाहरूसँग समन्वय गरेर सम्झौताको एकीकृत मस्यौदा तयार गर्ने क्रम जारी रहेको बताएका छन् । यसमा प्रधानमन्त्री कार्कीका मुख्य सल्लाहकार अजयभद्र खनाल पनि संलग्न छन् ।

तिमिल्सिनाले जेन-जीका दुवै समूहले बुझाएका प्रस्तावहरूलाई अध्ययन गरी सम्झौताका लागि एकीकृत रूप दिन लागिएको बताए । 'दुई समूहले बुझाएको प्रस्तावलाई अध्ययन गरिरहेका छौं । प्रस्तावमा धेरै साझा मुद्दा छन् । तिनलाई एकीकृत गर्दै छौं,' तिमिल्सिनाले बताए ।

दलहरूले भने सरकार र जेन-जी समूहबीच हुने भनिएको सम्झौताप्रति आशंका प्रकट गर्दै आएका छन् । जेन-जी समूहले नै अघि सारेका व्यक्तिहरू मन्त्रीदेखि प्रधानमन्त्रीसम्म रहेकाले उनीहरूको स्वार्थअनुकूल सम्झौता हुन सक्ने भन्दै दलहरूले गम्भीरतापूर्वक लिएका छन् ।

■■■

## जिट्को...

यस्ता कामदारहरू पाँच वर्षसम्म काम गर्न र स्थायी बासिन्दा बन्न योग्य हुने प्रावधानसमेत रहेको छ । मन्त्रालयले नयाँ प्रावधानको विषयमा पनि अध्ययन गर्ने प्रवक्ता घिमिरेले बताएका छन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार हाल जिट्कोको लाइसेन्स लिएका ४८२ व्यवसायी छन् । सरकारबाट इजाजतप्राप्त भएर पनि जापानको काम गर्न छुट्टै अनुमतिपत्र लिनुपर्ने प्रावधानप्रति व्यवसायीहरूले विगतदेखि नै असन्तुष्टि जनाउँदै आएका छन् । त्यस्तै भाषा परीक्षाका नाममा अनावश्यक दुःख दिएर कामदारको भिसा रद्द हुने अवस्थामा पुग्ने गरेको उनीहरूको आरोप छ ।

जिट्कोअन्तर्गत जाइका अलुमनाइ एसोसिएसन नेपाल (जान)ले जापान जाने प्रशिक्षार्थी कामदारहरूको जापानी भाषा तथा संस्कृतिसम्बन्धी परीक्षा लिँदै आएको छ । जान जापानबाट फर्किएका नेपालीहरूको संस्था हो । जापानबाट कम्पनीको आधिकारिक व्यक्ति आएर कामदारको भिसा जारी गरिसकेको अवस्थामा पनि जानले परीक्षा लिएर पटक-पटक फेल गराएको व्यवसायीले बताउँदै आएका छन् । यो प्रावधान खारेज गर्नुपर्ने भन्दै उनीहरूले पटक-पटक सरकारको ध्यानाकर्षण गराउँदै आएकाले यसको अध्ययन थालिएको मन्त्रालयले जानकारी दिएको छ ।

पछिल्लो समयमा जापानको रोजगारीमा नेपाली कामदारको आकर्षण बढ्दो छ । गत आर्थिक वर्षमा २३ हजार ७१ जना श्रम स्वीकृति लिएर जापान गएको तथ्यांक छ । जसमा संस्थागत माध्यमबाट भने एक हजार ५८१ जनामात्र गएका थिए । त्यस्तै आव २०८०/८१ मा १३ हजार ८६४ जना जापान गएकामध्ये एक हजार २०१ जनामात्र संस्थागत माध्यमबाट गएका थिए । हाल जानको परीक्षाका कारण कतिपय कामदार जापान जानबाट वञ्चित भएकाले यो खारेज भएपछि जानेहरूको संख्या पनि बढ्न सक्ने अपेक्षा गरिएको छ ।

■■■

## नयाँ आइजिपी...

बुधबार आइजिपीबाट बिदाइ भएका चन्द्रकुबेर खापुङले पदभार ग्रहण गरेर खादामाला लाउँदालाउँदै जेन-जी विद्रोह भएको थियो । विद्रोहलाई शान्तिपूर्ण ढंगले उनले नियन्त्रणमा लिन सकेनन् । विद्रोहमा प्रहरीको गोली लागेर पहिलो दिन ठूलो मानवीय क्षति भयो । उक्त दिन गोली चलाउन आदेश दिने नेतृत्वमाथि कारबाहीको माग चर्को रूपमा उठिरहेको छ ।

यस्तो परिस्थितिमा कार्की आइजिपीको जिम्मेवारी सम्हाल्न आइपुगेका छन् । यही बेला दुर्गा प्रसाईं समूहको घोषित आन्दोलन सम्मुखमा छ । प्रसाईं ७ मंसिरमा आन्दोलन गर्ने तयारीमा छन् । उनको अराजक र उत्तेजना फैलाउने अभिव्यक्तिले परिस्थिति भड्किन सक्ने कतिपय सुरक्षा मामिलाका जानकारहरूको विश्लेषण छ । त्यसो हुनाले जेन-जी विद्रोहको पहिलो दिन जसरी घटना हुन नदिन आइजिपी कार्कीले सोहीअनुसार प्रभावकारी सुरक्षा रणनीति बनाउनुपर्ने देखिएको पूर्वएआइजी वसन्त लामा बताउँछन् ।

जेन-जी समूहहरूले २३ भदौको घटनामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई जिम्मेवार भनिरहेका छन् । दुवैलाई पक्राउ गरी अनुसन्धान गर्न उनीहरूको माग छ । वर्तमान प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्याललाई जेन-जीहरूले नै अघि सारेका हुन् । त्यसो हुँदा गृहमन्त्री अर्यालले गर्ने इसाराअनुसार ओली-लेखकलाई पक्राउ गर्लान् ? त्यो प्रतीक्षाको विषय बनेको छ ।

यसबाहेक कार्कीको काँधमा आगामी २१ फागुनमा भयरहित र शान्तिपूर्ण ढंगले चुनावमा मतदानस्थलको सुरक्षा गर्नुपर्ने प्रमुख दायित्व छ । काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख रहेका कार्कीले १८ चैत २०८४ सम्म प्रहरीको कमाण्ड सम्हाल्ने छन् । बाबु कृष्णबहादुर र आमा चन्द्रकुमारीको कोखबाट १५ साउन २०२९ मा उनको जन्म भएको हो । जन्मथलो गुल्मीको मालिका गाउँपालिका-७ घमिर हो । मानविकी तथा समाजशास्त्र, शिक्षाशास्त्र र कानुनमा स्नातक कार्कीले राजनीतिशास्त्रमा स्नातकोत्तकर उपाधि हासिल गरेका छन् । १८ चैत २०५४ मा उनी प्रहरी निरीक्षकबाट सेवा प्रवेश गरेका हुन् ।

# महिला स्वास्थ्य स्वयंसेविकालाई सामाजिक सुरक्षा कोषमा समावेश गराउन माग

**काठमाडौं (प्रस)**– महिला स्वास्थ्य स्वयंसेविकालाई श्रमिकको मान्यता दिई मर्यादित पेसाका रूपमा स्थापित गरेर सामाजिक सुरक्षा कोषमा समावेश गरिनुपर्नेमा जोड दिइएको छ ।

'पब्लिक सर्भिस इन्टरनेसनल'ले बुधबार राजधानीमा आयोजना गरेको महिला सामुदायिक स्वास्थ्यकर्मीका सवाल विषयक छलफल कार्यक्रममा ट्रेड युनियन संगठनका नेताहरूले कर्मचारी र महिला स्वास्थ्य स्वयंसेविकाले गरेको एउटै कामलाई फरक रूपमा मूल्यांकन गर्न नहुनेमा जोड दिएका हुन् ।

कार्यक्रममा नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्रबहादुर कुँवरले महिला स्वास्थ्य स्वयंसेविकाको नाम परिवर्तन गरी श्रम कानुनसँग जोडेर सरकारले तोकेको न्यूनतम् पारिश्रमिकलगायत सेवा सुविधा दिन पहल गरिनुपर्ने बताएका थिए । हाल देशभर ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका कार्यरत रहेको उल्लेख गर्दै उनले तिनलाई प्रक्रिया पुऱ्याएर नियुक्ति दिनुपर्नेमा जोड दिए ।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का अध्यक्ष विनोद श्रेष्ठले प्रत्येक पालिकामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाको सेवा सुविधा फरक-फरक रहेको उल्लेख गर्दै सुगम र दुर्गमका महिलालाई पनि समान सुविधा एवं अवसर दिनुपर्ने बताए । यसका लागि कानुन संशोधन गरी अघि बढ्नुपर्ने उनको भनाइ थियो । पूर्वसांसद एवं श्रमिक नेता रमा कोइराला पौडेलले महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकाकै कारण मातृ शिशु मृत्युदर घटेको उल्लेख गर्दै श्रमिकको मान्यता दिनुपर्ने बताइन् ।


**ओमनमा रोजगार** कम्पनी : OMN INTERNATIONAL GROUP SAOC

पूर्व स्वीकृति मिति : २०८२/०६/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२७ | LT. No. 331222 | चलानी नं. ६०२४४९७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / PUBLIC BUILDING | 0 | 4 | 120 | ४४,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : OMN INTERNATIONAL GROUP SAOC

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२७ | LT. No. 322415 | चलानी नं. ६०२३६४५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / PUBLIC BUILDING | 1 | 0 | 100 | ३६,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ४ गते (21st Nov. 2025) मा हुनेछ ।
Bidesh Training Center/PR Training Center/Omega Talim Kendra जनकपुरमा मितिः २०८२ मंसिर ४ गते (22nd Nov. 2025) मा हुनेछ ।
शाखा कार्यालय, दमक, झापामा मितिः २०८२ मंसिर ४ गते (23rd Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np




**सगरमाथा बहुउदेश्यीय सहकारी संस्था लि.**

**कर्जा तिर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०७/२७ गते**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले व्यवसायिक प्रयोजनका लागि लग्नु भएको कर्जाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गर्दा समेत कुनै चासो नदेखाई व्यवस्था गर्नु भएकोले कर्जा चुक्ता गर्न आउनु भनी यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको ३५ दिन भित्रमा यस सहकारी सस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नं होला अन्यथा ३६ औं दिनमा तपसिलमा उल्लेखित जग्गा लिलाम बिक्रिमा गरिनेछ ।

| धनी/ऋणी | जिल्ला | गा.वि.स | वडा नं. | कि.नं | क्षेत्रफल ब.मी |
|---|---|---|---|---|---|
| लक्ष्मी खनाल अधिकारी  | काठमाडौं | फुटुङ | ८ | २६६१ | ०-३-०-० |
| | **ऋण रकमः** कि.न. २६६१ मा मिति २०८२।०७।२७ गतेका दिनसम्म यस सहकारी सस्थाको लेना रकम रु.३४,६५,४९४/– रहेकोछ । | | | | |

| ऋणीको विवरणः | जमानीकताको विवरणः |
|---|---|
| ऋणी : लक्ष्मी खनाल अधिकारी<br>ससुरा : लेख बहादुर अधिकारी<br>बाबु : धन बहादुर खनाल<br>पति : राजेश्वर अधिकारी<br>ठेगाना : धादिङ बुढाथुम ९, हाल : नागार्जुन-३ काठमाडौं | बाजे : डम्बर बहादुर अधिकारी<br>बाबु : राम बहादुर अधिकारी<br>धन जमानी : राजन अधिकारी<br>ठेगाना : मनमैजु काठमाडौं |

**विवरणः**

१. बोलपत्र फारम कार्यालय समयमा यस संस्थाको कार्यालय का.म.न.पा-०५, हाडीगाउँ, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ ।
२. लिलाम गोप्य शिलबन्दी बोलपत्रका आधारमा डाक बढाबढका आधारमा हुनेछ ।
३. अचल सम्पत्ती निरीक्षण गर्न चाहनेले बोलपत्र दाखिला गर्नु अधि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
४. बोलपत्र दाखिला गर्ने मिति २०८२/०९/०२ गते १ बजेसम्म ।
५. बोलपत्र पेश गर्दा बोलकबोल अंकको १०% ले हुने रकम धरौटी स्वरूप यस सस्थाको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा जम्मा गरी सक्कल भौचर, बोलपत्र फारम र नागरिकताको फोटोकपी सहित शिलबन्दी राखी पेश गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला गर्दा बोलपत्रको भित्र तथा बाहिरपट्टी जुन धितोको लागि बोलपत्र दाखिला गरेको हो, सो को विवरण उल्लेख गर्नै पर्नेछ ।
७. बोलपत्र खोलिने दिन बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थिती नभएपनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
८. रित नपुगेको वा म्याद भित्र दाखिल नभएको बोलपत्रहरू स्वत रद्द हुनेछ ।
९. बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ सात दिनभित्र आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षाणमा रहेको सम्पत्ती आफनो जिम्मा लिनुपर्नेछ । सो म्याद भित्र नबुझाएमा धरौटी बापत जम्मा गरको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
१०. बोलपत्र सहकारी सस्थाको कार्यालय का.म.न.पा. ५, हाडीगाउँमा मिति २०८२/०९/०३ गते दिनको २ बजे खोलिनेछ ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ ।
१२. सम्पत्ती दाखिल खारेज नामसारी गर्दा लाग्ने राजश्व सम्पूर्ण दै दस्तुर तथा शुल्क आदि सम्पूर्ण खर्च सकारकर्ता स्वयंले व्यर्होनु पर्नेछ ।

**पुनश्चः** सो लिलामी प्रक्रियामा सहभागी हुन तथा अन्य जानकारीका लागि सहकारी सस्थामा सम्पर्क राख्नुहोला ।

**सगरमाथा बहुउदेश्यीय सहकारी संस्था लिमिटेड**
का.म.न.पा-०५, हाडीगाउँ, काठमाडौं, फोन नं.०१-५१०४५८८



**UPPER SYANGE HYDROPOWER LTD.**
**KATHMANDU, NEPAL**

**Condensed Statement of Financial Position (Unaudited)**
**As on 31st Ashwin, 2082, 1st Quarter F.Y. 2082/83**

| Particulars | This Quarter Ending Ashwin End, 2082 | Immediate Previous Year Ending (Audited) Ashadh End, 2082 |
|---|---|---|
| **ASSETS** | | |
| A. Non Current Assets | | |
| Property, Plant & Equipment | 1,853,048 | 1,938,518 |
| Intangible Assets | 450,345,743 | 454,568,376 |
| Investments | 103,337,500 | 103,337,500 |
| **Total Non Current Assets** | **555,536,291** | **559,844,394** |
| **B. Current Assets** | | |
| Inventory | - | - |
| Cash and Bank | 26,990,200 | 11,596,382 |
| Deposit, Advance & Receivables | 47,336,869 | 54,296,926 |
| Total Current Assets | 74,327,069 | 65,893,308 |
| **Total Assets (A+B)** | **629,863,360** | **625,737,702** |
| **Equity and Liabilities** | | |
| **C. Equity** | | |
| Share Capital | 220,000,000 | 220,000,000 |
| Reserves & Surplus | (17,048,067) | (17,964,246) |
| Total Equity | 202,951,933 | 202,035,754 |
| D. Non Current Liabilities | | |
| Long Term Loan | 332,200,000 | 334,700,000 |
| Employee Benefit Liability | 3,702,140 | 3,528,877 |
| Deferred Tax Liabilities | 1,476,015 | 1,476,015 |
| **Total Non Current Liabilities** | **337,378,155** | **339,704,892** |
| **E. Current Liabilities** | | |
| Short Term Loan | 48,117,756 | 46,442,006 |
| Accounts & Others Payables | 7,081,311 | 3,220,845 |
| Provisions | 34,334,205 | 34,334,205 |
| Total Current Liabilities | 89,533,272 | 83,997,056 |
| **Total Liabilities (C+D+E)** | **629,863,360** | **625,737,702** |

**Unaudited Condensed Statement of Profit or Loss and Other Comprehensive Income**
**For the quarter ended on 31st Ashwin 2082, 1st Quarter 2082/83**

| Particulars | This Year: This Quarter | This Year: Up to this Qurater (YTD) | Corresponding Previous Year: This Quarter | Corresponding Previous Year: Up to this Qurater (YTD) |
|---|---|---|---|---|
| Revenue from Operation | 18,948,395 | 18,948,395 | 6,354,559 | 6,354,559 |
| Cost of Operation | (771,994) | (771,994) | (1,062,682) | (1,062,682) |
| Gross Profit/ (Loss) | 18,176,401 | 18,176,401 | 5,291,877 | 5,291,877 |
| Other Income | 957 | 957 | 721 | 721 |
| **Total Income/(Loss) from Operation** | **18,177,358** | **18,177,358** | **5,292,598** | **5,292,598** |
| Employee Benefit Expenses | (2,442,280) | (2,442,280) | (2,372,186) | (2,372,186) |
| Depreciation and Amortisation | (4,308,103) | (4,308,103) | (4,307,370) | (4,307,370) |
| Administrative Expenses | (2,835,318) | (2,835,318) | (2,324,380) | (2,324,380) |
| Operation Profit / (Loss) | 8,591,657 | 8,591,657 | (3,711,338) | (3,711,338) |
| Finance Cost | (7,656,780) | (7,656,780) | (9,585,177) | (9,585,177) |
| Profit / Loss Before Staff Bonus | 934,877 | 934,877 | (13,296,515) | (13,296,515) |
| Staff Bonus | (18,698) | (18,698) | - | - |
| Profit / Loss Before Tax | 916,179 | 916,179 | (13,296,515) | (13,296,515) |
| Income Tax Expenses | - | - | - | - |
| Profit (Loss) For The Year | 916,179 | 916,179 | (13,296,515) | (13,296,515) |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **916,179** | **916,179** | **(13,296,515)** | **(13,296,515)** |

**Notes:**
1. The above mentioned figures are subject to changes during statutory audit.
2. This condensed financial statement has been prepared complying relevant NFRS.
3. Previous period figures are regrouped wherever necessary.
4. Deferred tax computed only at the end of fiscal year.

**(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८२।८३ को प्रथम त्रैमासिक प्रतिवेदन**

**१) वित्तीय विवरणः**

क) **यस त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सान सम्बन्धी विवरणः**
यस संस्थाको आ.व २०८२/८३ को प्रथम त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) **कम्पनी प्रमुख वित्तीय अनुपातहरूः**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी वार्षिक रु. | १.६७ | तरलता अनुपात (प्रतिशतमा) | ८३.०२ |
| प्रति शेयर नेटवर्थ रू. | ९२.२५ | मूल्य आम्दानी अनुपात | ४०३.२९ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | २८६.३ | | |

**२) व्यवसायीक विश्लेषणः**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरणः**
विद्युत प्राधिकरणको ३३ KV को प्रशारण लाईनमा आएको समस्याको कारण यस आ.व.को श्रावण २०८१ देखि असोज २०८१ सम्म पूर्ण क्षमतामा सञ्चालन गर्न नपाएको हुँदा संस्थाको विद्युत विक्री आम्दानीमा केहि गिरावट आएको थियो भने यस चालु अवधिमा भने पुरानै लयमा विद्युत उत्पादन तथा प्रशारण सुरु भई सकेको छ । संस्थाको मौज्दात तथा तरलता अनुपातमा स्थिर देखिएको छ ।

ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरणः**
कम्पनीद्वारा सञ्चालनमा रहेको अप्पर स्याङ्गे हाईड्रोपावर आयोजना-२४०० कि.वा. को समिक्षा अवधिमा सन्तोषजनक व्यावसायिक उत्पादन भईरहेको छ । साथै, कम्पनीले गोर्खा स्थित दोभान खोला २४.५ मे.वा. जलविद्युत आयोजनामा समेत सम्भाव्यता अध्ययन सम्पन्न भई नेपाल विद्युत प्राधिकरणसँग **विद्युत खरिद विक्री सम्झौता** (पी.पी.ए.) समेत मिति २०८०।०३।०७ मा सम्पन्न भईसकेको छ । संस्थाले सोहि परियोजनाको **उत्पादन अनुमतिपत्र** विद्युत विकास विभागबाट मिति २०८०।१२।०५ मा प्राप्त गरिसकेको छ । सो उत्पादन अनुमतिपत्र संस्थाको मिति २०८१।०२।०७ गतेको विशेष साधारण सभाको निर्णय, श्री विद्युत नियमन आयोगको मिति २०८१।०४।१७ गते को २४२ औं बैठकको निर्णय र श्री विद्युत विकास विभाग को मिति २०८१।१०।२० गतेको निर्णयले यस संस्था समेत प्रमूख प्रवर्द्धकको रूपमा रहने गरि दोभान खोला हाईड्रोपावर लिमिटेडमा हस्तान्तरण गरिएको छ । सो हस्तान्तरणबाट प्राप्त हुने रकम मध्ये यस कम्पनीको मिति २०८२।०२।११ गतेको सञ्चालक समितिको बैठकले दोभान खोला जलविद्युत आयोजना (२४.५ मे.वा.) मा जम्मा रकम रू. ९,३१,३७,५००।- (अक्षरूपी नौ करोड एकतीस लाख सैंतिस हजार पाँच सय रूपैयाँ मात्र) थप लगानी गर्ने निर्णय गरेको छ । साथै, सम्पूर्ण शेयरधनीहरूको हितमा कार्य गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडी बढाउने प्रतिबद्धता रहेको छ ।

**३) कानुनी कारवाही सम्बन्धी विवरणः**
क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।
ख) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध, फौजदारी अभियोग गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

**४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**
क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।
ख) समीक्षा अवधिमा कम्पनीको शेयर धितोपत्र को कारोवार निम्न बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य रू. | ८००.०० | शेयरको न्यूनतम मूल्य रु | ६४५.२० |
| अन्तिम मूल्य रू. | ७६३.५० | कारोबार भएको कुल दिन | ५१.०० |
| कारोबार संख्या | ५,१२०.०० | कारोबार भएको शेयर संख्या | ३,२२,०७६ |

**५) समस्या तथा चुनौती**
कम्पनीद्वारा सञ्चालनमा रहेको आयोजनाको व्यावसायिक उत्पादन सुरू भईसके तापनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले नदिको वहावमा आउन सक्ने उतार चढावले बिद्युत उत्पादनको परिमाणमा असर पार्न सक्नेछ । यस आयोजनाद्वारा उत्पादित विद्युतलाई टारिकुना सब-स्टेसन (खुदीहब) निर्माण सम्पन्न नहुँदासम्म बर्षायाममा पूर्ण क्षमतामा विद्युत प्रशारण गर्न अस्थायी प्रवृद्वीको समस्या देखिएको छ । साथै, यस संस्था विद्युत उत्पादनका क्रममा आईपर्न सक्ने प्राविधिक तथा अन्य समस्याहरु समाधान गर्न निरन्तर रूपमा अग्रसर रहेको छ ।

**६) संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिम प्रकृया अवलम्बन गरि संस्थागत सुशासन कायम गरिएको छ ।

**७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्धोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन् ।

# गोकर्णेश्वर नगरपालिकाको स्वास्थ्य सेवा जिल्लाकै उत्कृष्ट

**काठमाडौं (प्रस)–** काठमाडौं जिल्लाका ११ स्थानीय तहमध्ये गोकर्णेश्वर नगरपालिकाको स्वास्थ्य सेवा सुविधा उत्कृष्ट घोषित भएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंले गरेको गत आर्थिक वर्षमा सम्पादित स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षाका आधारमा गोकर्णेश्वर नगरपालिका उत्कृष्ट भएको हो । स्वास्थ्य सेवाको गुणस्तर, पहुँच र प्रभावकारिताको मूल्यांकनका आधारमा पालिकाले अग्रस्थान हासिल गरेको जिल्ला जनस्वास्थ्य कार्यालयले जानकारी दिएको छ । स्वास्थ्य सेवाको क्षेत्रमा प्राप्त उत्कृष्टता नगरवासीका लागि गर्वको विषय भएको नगरप्रमुख दीपक रिसालले बताए । उनले यो उत्कृष्टताले नगरवासीलाई अझ प्रभावकारी, सुलभ र गुणस्तरीय सेवा दिन प्रोत्साहन गर्ने बताए ।

नगरपालिकाले गुणस्तरिय स्वास्थ्य सेवाका साथै नगरवासीको शारीरिक एवं मानसिक स्वास्थ्यका लागि जीवनशैली परिवर्तन र योगका कार्यक्रमलाईसमेत उच्च महत्त्व दिएको नगरप्रमुख रिसालले जानकारी दिए ।

योग नगर घोषणा गरिएको गोकर्णेश्वर नगरपालिकाको विभिन्न नौ वटै वडामा गरी हाल ४५ वटा नियमित योग केन्द्र सञ्चालनमा रहेका छन् । गोकर्णेश्वर नगर अस्पतालमार्फत नगरपालिकामा स्थायी बसोबास गर्ने नागरिकका लागि निःशुल्क स्वास्थ्यसेवा प्रदान गर्नुका साथै नेपाल मेडिकल कलेज, नेपाल अर्थोपेडिक अस्पताल र शंकरापुर अस्पतालबाट पनि उपचारमा छुटको व्यवस्था गरिएको स्वास्थ्य शाखा प्रमुख हरिप्रसाद उपाध्यायले जानकारी दिए ।

गत आर्थिक वर्षमा सम्पादित स्वास्थ्य कार्यक्रमको गहन मूल्यांकनपश्चात् तयार पारिएको नतिजाका आधारमा शंखरापुर नगरपालिका दोस्रो र टोखा नगरपालिका तेस्रो भएका जिल्ला जनस्वास्थ्य कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७९/८० को वार्षिक समीक्षामा पनि गोकर्णेश्वर प्रथम भएको थियो ।

# मुख्यमन्त्री यादवको नियुक्तिको वैधताबारे कारण माग

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादवको नियुक्तिको वैधताबारे कारण देखाऊ आदेश गर्दै लिखित जवाफ माग गरेको छ ।

न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले बुधबार मुख्यमन्त्री यादवलाई १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ माग गर्ने आदेश गरेको हो । मुख्यमन्त्री यादवविरूद्ध कृष्णप्रसाद यादवसहित मधेस प्रदेशका ७४ जना सांसदहरूले दायर गरेको रिट निवेदनको बुधबार प्रारम्भिक सुनुवाइ गरेको हो । अदालतले यही कात्तिक ३० गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

आदेशमा भनिएको छ, 'प्रकृति एवं गाम्भीर्यता समेतलाई विचार गरी दुवै पक्षबीच छलफल गरी दुवै पक्षलाई राखी निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिँदा अन्तरिम आदेश छलफल प्रयोजनार्थ मिति २०८२/७/३० गतेको पेसी तोकी सोको जानकारी विपक्षीहरूलाई दिइ नियमानुसार पेस गर्नू ।'

अदालतले मुख्यमन्त्री नियुक्तिसम्बन्धी यही कात्तिक २३ गतेको निर्णय, मन्त्रिपरिषद् गठनसम्बन्धी सम्पूर्ण कागजातसहितको फाइल झिकाउन भनेको छ ।

# मुग्लिन–मलेखु सडक स्तरोन्नतिको कामले गति लिँदै

**चितवन (प्रस)–** वर्षासँगै चाडपर्वका कारण सामान्य काममात्रै भएको मुग्लिन–मलेखु सडकको स्तरोन्नतिको कामले तीव्रता पाउन थालेको छ । असारपछि सडक स्तरोन्नतिको काम सुस्त भएको थियो ।

पानी पर्न छाडेर चाडपर्वसमेत सकिएपछि कामलाई तीव्रता दिन थालिएको हो । नागढुंगा–मुग्लिन सडक आयोजनाअन्तर्गत पश्चिम खण्ड मुग्लिन–मलेखु सडकका इञ्जिनियर विजय दरैका अनुसार कामलाई तीव्रता दिन थालिएको छ । पुलको पहुँच सडकको काम सुरु गरिएको छ । चारवटा पुलको पहुँच सडकको काम गर्न लागिएको हो । पुल र अन्य भागमा बेरियर राख्ने काम थालिएको छ र ड्रेनको काम पनि सुरु गरिएको छ ।

उनका अनुसार दुई/तीन दिनमा कालोपत्रको काम थाल्ने तयारी गरिएको छ । सो खण्डको ३८.८६ किलोमिटरमध्ये आठ किलोमिटर सडक कालोपत्र गरिसकिएको छ । थप पाँच किलोमिटर सडक कालोपत्रका लागि अन्तिम तयारी गरिएको छ ।

दरैका अनुसार अन्तिम तयारीमा पुगेको ठाउँमा कालोपत्र गर्न लागिएको हो । यससँगै अन्य ठाउँमा कालोपत्रका लागि तयारीको काम गरिने छ । उक्त सडकखण्डमा पर्ने अन्य दुई पुलमध्ये चरौदी खोलको पुलको एउटा फाउण्डेसन हालिएको छ । अर्कोतर्फको गरिँदै छ भने हुग्दी खोलाको पुलको दुवै फाउण्डेसन तयार भइसकेको छ ।

दरैका अनुसार हालसम्म सडक स्तरोन्नति ३५ प्रतिशत सम्पन्न भएको छ । यस खण्डमा २.२ किलोमिटर छ लेनको बन्ने छ, जुन मलेखु, बेनीघाट र मुग्लिन खण्डमा पर्छ । ७.२ किलोमिटर सडक चार लेन हुने छ । चार लेन रमाइलो डाँडा, कुरिनटार, फिस्लिङ, चुम्लिङ, मझिमटार, चरौंदी र विशालटार क्षेत्रमा पर्ने जनाउँदै दरैले उकालो–ओरालो खण्डमा तीन लेनको 'क्लाइम्बिङ' मार्ग बनाइने बताए । उनका अनुसार 'क्लाइम्बिङ' मार्ग २.३ किलोमिटरको हुने छ भने बाँकी सडक दुई लेनको हुने छ ।

२०७९ पुस १५ गते तीन वर्षमा सम्पन्न गर्नेगरी यो सडक ठेक्का लगाइएको थियो । पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन–नागढुंगा खण्डलाई तीन चरण बनाएर बोलपत्र आह्वान गरिएको हो । यो तेस्रो चरणअन्तर्गत पर्दछ । आगामी पुस १५ मा म्याद यसको सकिँदै छ । म्याद थपका लागि प्रक्रिया अघि बढेको दरैले बताए । डिजाइन परिमार्जनलगायतका कारण केही महिना निर्माण कम्पनीले म्याद थप पाउने उनको भनाइ छ ।


## मलेसियामा रोजगार

कम्पनी : SOUTHERN KERATONG PLANTATIONS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२६ | LT. No. 333658 | चलानी नं. ६०२४७२९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worders | 30 | 0 | 1700 | ५८,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ४ गते (21st Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment

FRONTLINE RECRUITMENT PVT.LTD.

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647

Email: info@manpoweragencynepal.com

Govt. License 886/067/068

## साउदीमा रोजगार

कम्पनी : GLASS AND SOLID METAL TRADING COMPANY FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ | LT. No. 333588 | चलानी नं. ६०२४७२६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 4 | 0 | 1200 | ४५,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ४ गते (20th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Star Overseas Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540

Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

## लागू औषध दुर्व्यसनी सचेतना मूलक कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

**नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखा**को समन्वय तथा **गोदावरी नगरपालिका वडा नं. ३** को सहकार्यमा **लागू औषध न्यूनिकरणमा पत्रकारको भूमिका** विषयक कार्यक्रम निम्न मिति, समय र स्थानमा सञ्चालन हुन गईरहेको हुनाले गोष्ठीमा सहभागी हुन नेपाल पत्रकार महासंघ ललितपुर शाखामा आबद्ध सबै सदस्य तथा क्रियाशिल पत्रकारहरूमा अनुरोध छ ।

**कार्यक्रम:**

मिति: २०८२ कात्तिक २८ गते शुक्रबार

समय: अपरान्ह १२ बजेदेखि ३ बजेसम्म

स्थान: रिभाइभ लेजर पार्क, महालक्ष्मीस्थान

**नेपाल पत्रकार महासंघ**

ललितपुर जिल्ला शाखा

## भावपूर्ण श्रद्धाञ्जली

**जन्म मिति**

वि.सं. १९८४ पुस २४ गते



**स्वर्गारोहण मिति**

वि.सं. २०८२ कात्तिक २१ गते

**स्व. श्रीमती होम (शक्ति) कुमारी विष्ट**

नयाँमार्ग साप्ताहिक तथा अग्रज पत्रकार श्री लक्ष्मण बहादुर विष्टज्यूको ममतामयी माता **स्वर्गीय श्रीमती होम (शक्ति) कुमारी विष्ट**को मिति २०८२ कात्तिक २१ गते शुक्रबारका दिन ९९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज ७औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली अर्पण** गर्दछौं । साथै यस दुःखद घडीमा ईश्वरले परिवारजनलाई धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् ।

**नेपाल पत्रकार महासंघ**

ललितपुर जिल्ला शाखा परिवार

ललितपुर


## बहराइनमा रोजगार

कम्पनी : BISCOTTO SWEETS

पूर्व स्वीकृति मिति : २०८१/०१/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२६ | LT. No. 304198 | चलानी नं. ६०२१९००७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker General | 5 | 0 | 150 | ५६,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ४ गते (20th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547

Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

Govt. License 1294/074/075

## Apihimal Rural Municipality
## Office of the Municipal Executive

**Khandeswori, Darchula**

**Sudurpaschim Province, Nepal**

## Invitation For Bids

**Date of publication: 13th November 2025 (2083-07-27)**

1. Apihimal Rural Municipality, Office of the Municipal Executive, Khandeshwori, Darchula, Sudurpashchim Province, Nepal invites electronic bids from Nepalese eligible bidders for the under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Apihimal Rural Municipality, Office of the Municipal Executive Khandeswori, Darchula, Sudurpaschim Province, Nepal, contact no. 9851218700, 9848395812, 9865913055 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic Submission of bids is mandatory. A complete set of Bidding Documents may be obtained from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Machhapuchchhre Bank Ltd.

   Name of Office: Apihimal Rural Municipality, Khandeshwori, Darchula

   Office Account No.: 0980075962800161 (Antarik Rajashwa Khata sirsak no. 14229)

   Office Code no: 801077303
4. Pre-bid meeting shall be held in 5nd December 2025 (2083-08-19) 12:00 pm at RM Office.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00Hrs on 14th December 2025 (2083-08-28).
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00Hrs on 14th December 2025 (2083-08-28). at the office of Apihimal Rural Municipality, Office of the Municipal Executive, Khandeshwori, Darchula, Sudurpashchim Province, Nepal. Bids must be valid for a period of as mentioned on BDS after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchase and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**The summary of contract is given below.**

| S N | Contract ID No | Project Name | Estimated Cost Without Vat, PS And Contingencies NRs. | Bid Document Fee, NRs | Bid Security, NRs |
|---|---|---|---|---|---|
| 1 | AHRM/NCB/W/04/2082-83 | High-Altitude Adventure Tourism Stadium Construction Project | Nrs: 5,97,90,342.83 | Nrs: 5,000.00 | Nrs: 18,00,000.00 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## फुटेर होइन जुटेर अघि बढौं

**यतिबेला नयाँ दल दर्ता गर्ने लहड नै चलेको छ । निर्वाचन आयोगमा धमाधम दल दर्ताका लागि पुगिरहेका छन् । जेन-जी विद्रोहपछि २१ नयाँ दल यो प्रक्रियामा सामेल भएका छन् । यो बीचमा केही दल दर्ता भइसकेका छन् भने केही दलले सनाखत सुरु गरेका छन् । आइतबारसम्ममा दलको संख्या अझ बढ्ने देखिन्छ । कात्तिक २ सम्म निर्वाचन आयोगमा १२४ दल दर्ता थिए । तीमध्ये दुई दल यो वर्षको असोजमा दर्ता भएको देखिन्छ ।**

**जेन-जी विद्रोहको मुख्य मुद्दा हो देशमा सुशासन स्थापित गर्नु । मुलुकमा व्याप्त भ्रष्टाचारको अन्त्य र स्थिरता स्थापना गर्नु विद्रोहको अर्को माग हो । यसका लागि जरा गाडेर बसेका पुराना दलहरूलाई परास्त गर्न सक्ने शक्ति आजको आवश्यकता हो । तर दल दर्ताको लाम हेर्दा परिवर्तनकारी शक्तिहरू एक भएको देखिन्न । जेन-जी समूह विभिन्न गुटमा टुक्रिएर फरक-फरक दल दर्ताको चरणमा प्रवेश गरेको देखिन्छ ।**

**अहिलेको राजनीतिक संक्रमणलाई समाधानतिर लैजाने शक्ति युवा नै हुन् । राजनीतिमा युवाको चासो र मतदानमा सहभागी हुने आकांक्षाले यो देखाउँछ । तर दल दर्ता प्रक्रियामा जुन किसिमको तीव्रता छ, यसले परिवर्तनलाई संस्थागत गर्न उनीहरू तयार देखिन्नन् । नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र (अहिले नेपाली कम्युनिस्ट पार्टी) नेपालका मुख्य शक्तिशाली दल हुन् । यी दलकै कारण जेन-जी विद्रोह भएको थियो । तर अहिले जेन-जीको टुटफुट हेर्दा आउँदो निर्वाचनबाट यिनै शक्ति पुनः उदय हुने संकेत देखिन थालेको छ । माओवादी केन्द्र आफूलाई शक्तिशाली बनाउन विभिन्न शक्तिसँग एकता गरेर नेपाली कम्युनिस्ट नाममा आउँदै छ । यो परिवर्तनकारी शक्तिका लागि 'थ्रेट' हो ।**

**नेतृत्वमा तीनै दलका पुराना नेताहरू पुनः आउने देखिन्छ । पछिल्लो परिवर्तनलाई संस्थागत गर्न उनीहरू फिटिक्कै सकारात्मक देखिन्नन् । भदौ २३ गतेको विद्रोहलाई छोपेर तीन दल भदौ २४ को घटनालाई मात्र 'प्रोभोक' गरिरहेका छन् । यो विद्रोहमा भएको सरकारी दमनलाई निष्पक्ष अनुसन्धान गर्न गठन भएको उच्चस्तरीय आयोगलाई कर्मचारीले सहयोग गरिरहेको छैन ।**

**यसैले पनि आन्दोलनमा एकजुट भएकाहरू फेरि एकजुट हुनुपर्ने अवस्था आएको छ । एकतामै बल हुन्छ भन्ने विषय सबैलाई थाहै छ । यस्तो नभए यसअघिका साना दलहरूकै हबिगत नयाँ दलको हुने छ । जसले शक्तिका लागि पुरानै दलसँग झुक्नुपर्ने र विद्रोहबाट प्राप्ति खेर जाने पक्का छ । यसरी दल खोलेर नयाँ जोगी बन्नुभन्दा सबै एकजुट भएर बलियो शक्ति निर्माण गरी सुशासन कायम गर्ने कार्यदिशा बनाएर अघि बढेको धेरै राम्रो ।**

# चुनाव होइन संविधान पुनर्लेखन महासभा



सरोजदिलु विश्वकर्मा

> सरकारले अहिले चुनावमात्र आफ्नो दायित्व भनिरहेको छ । चुनावका लागि चुनाव त २०८२/८३ मा नभए ८४ मा हुने नै थियो । चुनावकै लागि युवाको यो बलिदानी जरुरी थिएन । आन्दोलनले चुनाव होइन, अवस्थामा परिवर्तन गर्नुपर्छ भनेको हो । आन्दोलन तात्त्विक परिवर्तनका लागि नै हो, गणतन्त्रभित्रको विकृतिहरूको उन्मूलन र ओलीप्रवृत्तिको अन्त्यका लागि हो । पहिलो महिला प्रधानमन्त्री बनाउनेमात्र होइन । त्यसो हो भने यो सरकारले राष्ट्रपतिले दिएको म्याण्डेट पूरा गर्ने कि आन्दोलनको म्याण्डेटलाई सम्बोधन गर्ने ?

राजनीतिक खिचातानी, अस्थिरता, भ्रष्टाचार र शासकहरूको दम्भका कारण परिवर्तन अपरिहार्य थियो । परिणामतः युवापुस्ताको बलिदानीले त्यो चरित्रको सत्ता फालिएको छ । दुईतिहाइको नाममा जे पनि गर्न सकिन्छ भन्ने पुराना नेताहरू अहिले किनारा लागेका छन् । युवाहरूले उठाएको भ्रष्टाचारविरुद्धको मुद्दा स्थापित भएको छ । जेन-जी पुस्ताका युवाहरूको माग र मुद्दामा आधारित भएर सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनी केही उदाहरणीय काम पनि थालिसकेको छ । तथापि, यो परिवर्तनले अब के दिन्छ र मुलुकलाई कता लैजान्छ भन्नेमा सबै नेपालीहरू पर्खाइमा छन् । परिवर्तनको उपलब्धि हासिल होला या दुई-चार नेतालाई विस्थापित गरेर केही सेलिब्रेटीहरू मन्त्री बन्ने परिणाममै सीमित हुने हो ? आन्दोलनकारीहरू नै विलखबन्दमा छन् ।

कलिला बालबालिकाहरूले बलिदानी दिएको आन्दोलन सुशासनका लागि विद्रोह थियो, बेथितिका लागि निगरानी थियो । त्यो महाविद्रोह खासमा भ्रष्टाचारविरुद्ध थियो । आन्दोलनले चरम भ्रष्टाचार र सामाजिक सञ्जालको विषयलाई मुद्दा बनाएता पनि आन्दोलनपछिको माग व्यवस्थालाई नै सुधार गर्नुपर्छ भन्ने हो । तसर्थ आन्दोलन सफल भएपछि सेना, राष्ट्रपति र आन्दोलनकारीहरू बीचमा तत्तत् बुँदाहरूमा लिखित सहमति हुनुपर्दथ्यो । तर आन्दोलनकारीहरूबाट परिपक्व नेता ननिस्कनु र केहीले बालेन्द्र साहलाई विश्वास गर्नुले उपलब्धि सार्थक देखिएन । बरु सोही समयमा विदेशी शक्तिहरूले खेल्ने मौका पाए ।

परिणामतः ती कलिला युवाले स्थापित गरेको यो अन्तरिम सरकारमा प्रायः ७० हाराहारीका गैरराजनीतिक बूढाखाडाहरू नै भाग बस्न पुगेका छन् । महिलाले नेतृत्व गरेको सरकारमा महिला समावेशिता नै छैन । प्रधानमन्त्रीले नचिनेका तर जनताले प्रस्ट जानेका केही भ्रष्टहरू र एनजिओ दलालहरूसमेत यो सरकारमा छन् । सरकारले आफूलाई चोखो देखाउन गैरराजनीतिक मन्त्रीमण्डलमा विश्वास गरेको छ । तर गैरराजनीतिक सरकारबाट गरिने चुनाव हिजो पनि असफल भएका हुन् । राजनीतिक सहभागिताविनाको सरकार लोकतान्त्रिक त हुँदै हुन्न बरु त्यसले तानाशाहीहरूलाई चलखेल गर्ने ढोका खोलिदिन्छ । त्यसैले त्यो प्रवृत्तिको सरकारले खासै ठूलो आशा देखाएन । तथापि लोकतान्त्रिक विधिलाई सम्मान गर्छौं भनेको हुनाले यो सरकारलाई केही सुझाव दिनु उपयुक्त नै होला ।

यतिबेला युवाको चाहनाअनुसार राजनीतिलाई बदल्नुपर्छ भन्नेमा सबै सहमत छन् । पछिल्लो समयमा शासकीय स्वरूप र निर्वाचन प्रणालीमै परिवर्तन नभएसम्म मुलुकले निकास पाउन सक्दैन, शासकीय स्वरूपअन्तर्गत कार्यकारी राष्ट्रपति व्यवस्था हुनुपर्ने र संघीय शासन खारेजी तथा पूर्णसमानुपातिक निर्वाचन प्रणाली लागू गर्ने र सानो संख्याको संसद् र मन्त्रीमण्डल बनाई देशलाई अगाडि बढाउनुपर्छ भन्ने अधिकांशको धारणा छ । संसद्मा प्रतिनिधित्व गर्नेले मन्त्रीमा नजाने, संसद्ले कानुन बनाउने र सरकारलाई निगरानी गर्ने नयाँ राजनीतिक भाष्य स्थापित भएको छ । यसबाहेक २१ जनाबालबालिकालाई निर्मम तरिकाले मुटु र टाउको छेडेर हत्या गर्ने प्रधानमन्त्री, गृहमन्त्री तथा काठमाडौंका तत्कालीन सिडिओलाई जेल हाल्नुपर्ने सबैको साझा माग हो । पुराना पार्टीहरूलेसमेत युवा पुस्ताका यी मागहरूलाई सम्बोधन गर्न प्रतिबद्धता जनाइरहेका छन् ।

तर राष्ट्रपतिको गोलमटोल संवैधानिक विधि र उनले दिएको म्याण्डेटअनुसार बनेको यो सरकारले ती माग र मुद्दाहरू सम्बोधन गर्न नसकिने स्पष्ट पारेको छ । यो सत्य हो कि यही संवैधानिक व्यवस्थालाई मानेर जाने हो भने आन्दोलनका ती मागहरू अवश्य नै पूरा हुन सक्दैनन् । घोषित निर्वाचनसमेत यही संविधानअनुसार हुने हुनाले निर्वाचनपछिको संसद् र सरकारको संरचनासमेत सोहीअनुरूप नै हुने छ । त्यसो हुँदा पुराना भ्रष्टहरूले पुनः शीर उठाउने र फेरि खेल्ने सम्भावना जीवित रहन्छ । फेरि खिचातानीकै सरकार बन्ने छ, फेरि जसरी पनि चुनाव जितेर आउने नकचरो प्रवृत्ति कायमै रहन्छ । ती जित्नेहरूले चुनाव खर्च सोधभर्नाका लागि पुनः भ्रष्टाचार गर्नुपर्ने हुन्छ । अनि पुनः उही अस्थिरता र अराजकता, उही भ्रष्टाचार दोहोरिने छ । फेरि उही खालको संरचना, उही खालका नेताहरू, उही ओली प्रवृत्ति रहिरहने हो भने युवा पुस्ताले बगाएको त्यो रगतमाथि ठूलो अन्याय हुने छ । ती सहिदहरूको बलिदानी खेर जाने प्रस्ट देखिएको छ । सुशीला कार्कीको नेतृत्वमा यो अन्तरिम सरकार बन्नु र ओली सरकारलाई विस्थापन गर्नुको कुनै तुक रहन्न । बरु धुर्त पुरुषको स्थानमा असक्षम महिला प्रधानमन्त्री बनाउनका लागिमात्र ७६ जनाको ज्यान लिएको ठहर्छ ।

सरकारले अहिले चुनावमात्र आफ्नो दायित्व भनिरहेको छ । चुनावका लागि चुनाव त २०८२/८३ मा नभए ८४ मा हुने नै थियो । चुनावकै लागि युवाको यो बलिदानी जरुरी थिएन । आन्दोलनले चुनाव होइन, अवस्थामा परिवर्तन गर्नुपर्छ भनेको हो । आन्दोलन तात्त्विक परिवर्तनका लागि नै हो, गणतन्त्रभित्रको विकृतिहरूको उन्मूलन र ओलीप्रवृत्तिको अन्त्यका लागि हो । पहिलो महिला प्रधानमन्त्री बनाउनेमात्र होइन । त्यसो हो भने यो सरकारले राष्ट्रपतिले दिएको म्याण्डेट पूरा गर्ने कि आन्दोलनको म्याण्डेटलाई सम्बोधन गर्ने ?

आन्दोलनको म्याण्डेटलाई सम्बोधन गर्ने हो भने चुनाव गरेर मात्र सरकार पन्छिन मिल्दैन । यदि राष्ट्रपतिले दिएको ६० शब्दको कागजको चिर्कटोभित्र मात्र सरकार सीमित रहने हो भने ती कलिला बालबालिकाले बगाएको रगतको मूल्यको घोर अपमान हुने छ । अतः अहिले चुनावलाई थाँती राखेर सरकार आन्दोलनको मागलाई सम्बोधन गर्नतिर लाग्नुपर्छ । आन्दोलनको मागलाई पूरा गर्न पहिले संविधान नै संशोधन गर्नुपर्छ र संशोधन गर्न संसद् चाहिन्छ भन्नुहुन्छ, प्रधानमन्त्री । संसद् चाहिने नै देख्नुभएको भने राष्ट्रपतिले संसद् विघटन नगरौं भन्दाभन्दै नटेरेर किन बालेनजस्तो अल्लारे अपरिपक्व केटोको पछि लागेर संसद् विघटन गर्ने अडान लिनुभएको थियो ?

ल, त्यो पनि ठिकै छ- आन्दोलनकारीको मागअनुसार संसद् विघटन भयो, संविधानभन्दा बाहिर आएरै उहाँ प्रधानमन्त्री हुनुभयो । आन्दोलनका माग र मुद्दाहरूलाई सम्बोधन गर्न उहाँ प्रधानमन्त्रीमा सिफारिस हुनुभएको हो, यथास्थितिको संविधान र तत्कालीन अवस्थामा विपक्षीको रूपमा रहेका राष्ट्रपतिको आदेशलाई सम्मान गर्नलाई होइन । फेरि, आन्दोलनले सरकार ढाल्नु जायज हुन्छ, नयाँ सरकार बनाउन मान्य हुन्छ भने संविधान खारेज वा पुनर्लेखन गर्न पनि जायज नै मान्नुपर्छ । भोलि आइपर्ने मुद्दा-मामिलादेखि डराउनुभएको हो भने परम्परागत र जनविरोधी फैसलाहरूलाई यिनै युवाले भोलि मिल्काइ दिने छन् । जबकि, जनताको चाहना र बलिदानीभन्दा माथि अदालत पनि छैन । त्यसैले 'डण्ट वरी' ।

अतः संविधान वा अदालतदेखि डराउनेभन्दा आन्दोलनमा बगेको ती कलिला भाइबहिनीहरूको रगत र बलिदानीलाई सम्बोधन गर्नु यो सरकारको पहिलो दायित्व हो । यसर्थ चुनावभन्दा अगाडि संविधानमा फेरबदल गर्नतिर यो सरकार लागोस् । अहिले प्रायः सबै राजनीतिक पार्टीहरूले यो सरकारलाई मान्यता दिइसकेको अवस्थामा तिनै राजनीतिक दलहरूलाई विश्वासमा लिई सर्वपक्षीय सहमति खोजोस् । राजनीतिक सहमतिकै आधारमा पहिला संविधानको पुनर्लेखन गर्ने र निर्वाचनका लागि नीतिगत सुधार गर्नुपर्ने देखिन्छ । यसका लागि यिनै राजनीतिक दल, नागरिक समाज, विभिन्न समावेशी समूह, आन्दोलनकारी युवा प्रतिनिधिहरूको रोहवरमा संविधान पुनर्लेखन महासभा गर्नतर्फ लाग्नु सबैका लागि न्याय हुने छ । महासभाको प्रतिनिधित्व कस्तो हुने ? त्यसको खाकासमेत राजनीतिक पार्टीहरूसँगको संवादले तय गर्ने छ । त्यो महासभाले संविधान संशोधन र त्यसलाई अनुमोदन गरी निर्वाचनमा गइयो भनेमात्र युवाले उठाएका मागहरूलाई उचित ढंगले सम्बोधन गर्न सकिन्छ ।

आन्दोलनमा दमन गर्ने, दमन गर्न आदेश दिनेहरूलाई सहिदको रगत सडकमा आलो रहँदै पक्राऊ गर्नुपर्ने हो । जनताले सीधा आँखाले देखेका ती अपराधीलाई पक्राऊ गर्न कुनै कानुनले यो सरकारलाई छेक्दैन । तर त्यसमासमेत सरकारको गतिशीलता देखिएन । यसैगरी विगतको सरकारले गठन गरेका संरचनाहरू र नियुक्तिहरू यथाशीघ्र खारेज गर्नु यो सरकारको कर्तव्य हो । जबकि ती संरचनाका पदाधिकारीहरू केपी शर्मा ओलीले उनका लागि बनाएका थिए । ओलीका ती दुर्गन्धहरू यो सरकारका बाधक अंगहरू हुन् । अतः सरकारले ती अपराधीहरूलाई पक्राउ र तिनका नियुक्तिहरू यथाशीघ्र खारेज गरोस् ।

यसैगरी विगतको सरकारले गरेका स्वेच्छाचारी कदमहरू र पैसाको बलमा भएका न्यायिक फैसलाहरूलाई निलम्बन गर्दै र आन्दोलनमा दमन गर्ने सबै अपराधीहरूलाई तत्काल जेलभित्र हालेर यही सरकारले नेपाली जनतालाई व्यवस्थित संविधान दिनुपर्छ । यसका लागि राजनीतिक पार्टी, आन्दोलनकारी युवा पुस्ता तथा नागरिक समाजसमेत सम्मिलित संविधान पुनर्लेखन महासभा गरिनु उत्तम रणनीति हो ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

पाठक मञ्च

## मैले नबुझेको समाजवाद !

मेरो राजनीतिक चेत खुलेपछि मेरो मानसपटलमा सबैभन्दा डेरा जमाउँदै आएको विभिन्न पदावलीमध्ये एउटा अत्यन्तै गहकिलो र पेचिलो पदावली हो- 'समाजवाद' । यो राजनीतिकमात्रै नभएर सामाजिक एवं आर्थिक प्रणाली पनि हो । खासगरी नेपालमा २००७ सालको परिवर्तनपछि जबर्जस्त ढंगले उठेको (कांग्रेस र कम्युनिस्ट)हरूले प्रजातान्त्रिक र प्रगतिशील समाजवादको रटान रट्न छोडेनन् । त्यो भन्दा अझै अगाडि जाँदा समाजवादको प्रारम्भ औद्योगिक क्रान्तिको समयमा पश्चिमी युरोपबाट भएको मानिन्छ, विशेषगरी १८औं र १९औं शताब्दीमा । समाजवादको विकासमा कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सको विचारधाराले महत्त्वपूर्ण भूमिका खेलेको छ । मार्क्स र एंगेल्सले १८४८ मा 'कम्युनिस्ट म्यानिफेस्टो' प्रकाशन गरेपछि समाजवादी विचारधारालाई व्यापकता प्राप्त भयो ।

समाजवादले पुँजीवादविरुद्धको प्रतिक्रियास्वरूप उत्पत्ति पायो, जसले वर्गीय असमानता र शोषणका विरुद्ध आवाज उठायो । यस अवधारणामा श्रमिक वर्गका हकहितको संरक्षण गर्ने, साझा स्वामित्वको अवधारणा र आर्थिक समानताको प्रयासहरू समाहित छन् । समाजवादका विभिन्न धाराहरू समयक्रमसँगै विकसित भएका छन्, जसमध्ये डेमोक्रेटिक समाजवाद, मार्क्सवाद-लेनिनवाद, र अन्य शक्ति धाराहरू समेटिएका छन् ।

### आखिर के हो त समाजवाद ?

समाजमा रहेको आर्थिक विषमता हटाई समता ल्याउनुपर्छ भन्ने र देशको सम्पूर्ण सम्पत्तिमा कसैको एकलौटी अधिकार हुन नदिई सबैले मिलेर परिश्रम गर्दै उत्पादन र उपभोक्ताका साधनमा समाजको साझा अधिकार रहनुपर्छ भन्ने राजनीतिक सिद्धान्त ।

यी त भए समाजवादको उदयको इतिहास र त्यसको शाब्दिक अर्थ । अब प्रश्न उठ्छ- अहिले नेपालचाहिँ समाजवादी आन्दोलनको दृष्टिबाट कत्तिको टाढा अथवा नजिक छ त ?

एउटा प्रश्न र जिज्ञासा के हो भने आफूलाई समाजवादको प्रखर पक्षधर र हिमायती ठान्नेहरूको वर्गीय सोच र व्यवहार भिन्न छ र निजी स्वामित्व र सम्पत्तिको संरक्षणमा आफूलाई अहोरात्र केन्द्रित गरेका छन् । २००७ सालदेखि यहाँसम्म आइपुग्दा बरु २०१७ देखि २०२८ सालको निरंकुश पञ्चायतका बखत समाजवादको आंशिक अनुभव भएको जस्तो बुझिन्छ ।

देशमा औद्योगिकीकरणको तीव्रता, विभिन्न ऐन कानुन निर्माण, कृषिको आधुनिकीकरणमा थालिएको प्रयास, भौतिक संरचना निर्माणको खाका, जग्गाको नापजाँच र वर्गीकरणजस्ता कुराहरू प्रगतिशील नै मानिन्छन् । यद्यपि, यी पनि व्यवस्था जोगाउने र टिकाउने उद्देश्यले अभिप्रेरित थियो भन्ने प्रशस्त आधारहरू भेटिन्छन् । पञ्चायत शासनको अवसानपछि देशमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र आयो तर नेपाली जनताले समाजवादी मोडेलको व्यवस्थाको स्वाद चाख्नु त कता हो कता देशमा चरम बेथिति, भ्रष्टाचार, कुशासन र अकर्मण्यताले जरो गाडेको छ । युवा पलायनको डरलाग्दो चित्र छ । औद्योगिकीकरणको अवस्था शून्य छ । सहरी गरिबी बढ्दै छ । राष्ट्रिय पुँजी मुठीभर मानिसको हातमा छ । गम्भीर र जटिल प्रकारको रोग लागेमा बिरामी उपचार नपाएर मर्नुपर्ने अवस्था छ । राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान खस्केको छ । जग्गा बाँझा भएका छन् । ग्रामीण युवाहरूले अरबमा खुन पसिना बगाउँछ । लाखौंले कहिल्यै नफर्किनेगरी देश छोडिसके । यो भन्दा डरलाग्दो चित्र अरु के हुन्छ र ? अझैसम्म पनि हामी समाजवाद ल्याउँछौं र जनतालाई रामराज्य दिन्छौं भन्नु हास्यास्पद होइन र ?

**- भोला दुलाल, काठमाडौं**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# सशस्त्रका एसएसपीहरूलाई सीमा क्षेत्रमा खटाइयो

**काठमाडौं–** सशस्त्र प्रहरी बल नेपालले बदलिँदो सुरक्षा चुनौती र राजस्व अभिवृद्धि गर्ने उद्देश्यले सशस्त्रका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) हरूलाई मुख्य सीमा नाकामा खटाएको छ ।

सीमानाकामा खटाइएका वरिष्ठ उपरीक्षकहरूले सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालयसँगको आवश्यक समन्वयमा तोकिएको एकाइमा बसी दैनिक तथा साप्ताहिकरूपमा आफूले सम्पादन गरेका कार्य सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयमा प्रतिवेदन गर्ने छन् ।

निश्चित समयमा उनीहरूले गरेका कार्य प्रभावकारी देखिएमा संगठनले उक्त कार्यलाई निरन्तरता दिन उनीहरूलाई संरक्षण गर्ने सम्भावना रहेको र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकहरूलाई जिम्मेवारी तोकी खटाउनुका साथै सीमा क्षेत्रमा हुने कुनै खबर, सूचना तथा गुनासो भएमा सर्वसाधारण नागरिकहरूले समेत प्रत्यक्षरूपमा सम्पर्क गर्नसक्ने व्यवस्थासमेत मिलाइएको सशस्त्र प्रहरी बलको केन्द्रीय कार्यालयका प्रहरी नायब उपरीक्षक तथा सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

उनीहरूले सम्बन्धित सीमा क्षेत्र खटेर राजस्व चुहावट, चोरीनिकासी तथा पैठारीसम्बन्धी गैरकानुनी कार्यमा रोक लगाउनुका साथै सो कार्यमा संलग्न देखिएका व्यक्तिहरूलाई तत्काल कारबाहीको दायरामा ल्याउने छन् भने सीमासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण तथा व्यवस्थासमेत गर्ने छन् ।

उनीहरू नेतृत्वको टोलीले लागुऔषध, हातहतियार ओसारपसार एवं फरार कैदीलगायत आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाउनुका साथै भन्सार, राजस्व अनुसन्धान, उद्योग वाणिज्य संघ, स्थानीय निकाय, स्थानीय व्यापारी एवं सर्वसाधारणसँग समन्वय गरी सीमा अपराध नियन्त्रणसम्बन्धी अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गर्ने जनाइएको छ ।

यस्ता कार्यहरूले भन्सार नाकाबाट वैध तरिका अवलम्बन गरी सामान आयात गर्ने प्रचलन कायम गराउन भन्सार कार्यालयलगायत सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्य गर्ने वातावरणसमेत सिर्जना हुने विश्वास लिइएको छ ।

### को कहाँ खटिए ?

वरिष्ठ उपरीक्षकहरूमध्ये कोशी प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकडभिट्टा झापा र प्रस्तावित सीमा सुरक्षा गुल्म रानी मोरङमा रहेर सो प्रदेशका अन्य सीमा नाकामा निगरानी गर्न सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदी तथा मधेस प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल नं ८ गण धनुषा र प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्ज पर्सामा रहेर सो प्रदेशका अन्य सीमानाकाकोसमेत निगरानी गर्न सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेललाई खटाइएको छ ।

त्यसैगरी लुम्बिनी प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म डण्डा रूपन्देही, प्रस्तावित सीमा सुरक्षा गुल्म कृष्णनगर कपिलवस्तु र प्रस्तावित सीमा सुरक्षा गुल्म जमुनाह बाँकेमा रहेर सो प्रदेशका अन्य सीमानाकाको निगरानी गर्न सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक रविनराज कर्णजीत र सुदूरपश्चिम प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म त्रिनगर कैलाली र प्रस्तावित सीमा सुरक्षा गुल्म गड्डाचौकी कञ्चनपुरमा रहेर सो प्रदेशको अन्य सीमानाकाको निगरानी गर्न सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक गंगाराम श्रेष्ठलाई खटाइएको छ ।

उनीहरूलाई उल्लेखित फोन नम्बरमा आमसर्वसाधारण तथा सरोकारवाला सबैले फोन गरेर राजस्व चुहावटलगायत सीमा क्षेत्रमा हुनसक्ने अवैध गतिविधि नियन्त्रणमा सम्बन्धमा सम्पर्क गर्न सकिने छ । उनीहरू बोर्डर आउट पोस्टमा नै बस्ने र त्यहीँबाट सीमा क्षेत्रमा हुने अवैध गतिविधिको निगरानी र रोक्ने कार्य गर्ने सशस्त्र प्रहरी बल प्रधान कार्यालयले जानकारी दिएको छ । *रासस*


## जापानमा रोजगार

कम्पनी : Hiyori Business Cooperative Association

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/२६ | LT. No. 332286 | चलानी नं. ६०२४६०३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bread Baking | 0 | 2 | 189781 | १,७६,८५९ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ४ गते (20th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४



## युएइ/साउदीमा रोजगार

कम्पनी : LAFAYETTE GENERAL CONTRACTING - L.L.C- S.P.C. | शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०७/२० | LT. No. 333388 | चलानी नं. ६०२४७२८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३८,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AFNAN MOHAMMED NASSER AL-SHAHRANI GENERAL CONTRACTING ESTABLISHMENT | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | LT. No. 332522 | चलानी नं. ६०२४७२८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३७,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ४ गते (20th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 9801797200
E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np


# प्रकृति संरक्षणसम्बन्धी सचेतना जगाउँदै सेना



**काठमाडौं (प्रस)–** नेपाली सेनाले प्रकृति संरक्षण, मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणलगायत विषयमा २०० भन्दा बढी विद्यार्थी र स्थानीयमाझ सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ ।

राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ सेनाका युनिटले विभिन्न स्थानमा उनीहरूलाई संरक्षण शिक्षालगायत जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको हो । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ रणसिंहदल गणले कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका–३ स्थित श्री शंकर पार्वती माविका शिक्षक तथा शिक्षार्थीलाई 'मानव–वन्यजन्तु द्वन्द्वको कारण र न्यूनीकरणको उपाय' सम्बन्धी जनचेतनामूलक कक्षा सञ्चालन गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जानकारी दिएको छ ।

यस्तै चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ नयाँ गोरख गणले चितवनको माडी नगरपालिका–९ स्थित श्रीकृष्ण नगर माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई संरक्षणको महत्त्व, निकुञ्ज सुरक्षामा नेपाली सेनाको भूमिका, जंगली जनावरको आनीबानी तथा सेनामा भर्ना छनोट प्रक्रियालगायत विविध विषयमा जानकारी गराएको सेनाले जनाएको छ ।

बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ जबरजंग गणले निकुञ्ज कार्यालय तथा राष्ट्रिय प्रकृति संरक्षण कोषको संयुक्त आयोजना तथा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सहकार्यमा मधुवन नगरपालिका–१ स्थिति त्रिभुवन माध्यमिक विद्यालयमा स्थानीयलाई सहभागी गराई प्रकृति संरक्षण तथा सामाजिक सुरक्षा कार्यमा समुदायको भूमिकाबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो ।

हाल सेनाका आठ गण, सातवटा अनाश्रित गुल्म र एक शिक्षालय गरी करिब नौ हजार फौज १४ संरक्षित क्षेत्रमा परिचालित रहँदै आएको छ । संरक्षणमा खटिने क्रममा हालसम्म सेनाका ११६ जना सकलदर्जाले वीरगति प्राप्त गरेका निर्देशनालयले जनाएको छ ।


## सूचना ! सूचना !! सूचना !!!

**सेभेन होराइजन एजुकेशन फाउण्डेशन प्रा. लि.**
**बार्षिक साधारण सभा गराउने बारे**

**प्रकाशित मिति : २०८२/०७/२७**

यस सेभेन होराइजन एजुकेशन फाउण्डेशन प्रा. लि. (कम्पनी दर्ता नं २०९७३२) को बार्षिक साधारण सभा निम्न मिति स्थान र समयमा विशेष प्रताव सहित हुने भएकाले सम्बन्धीत सबै शेयरधनीहरुको उपस्थितिकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावहरू:**
१. बार्षिक प्रतिबेद पेश, छलफल
२. कम्पनीको विशेष खारेजी १३६–क बमोजिमको खारेजी

**मिति: २०८२/०८/०६, शनिबार**
**स्थान: कार्यालयको बैठक कक्ष (ईटहरी उपमहानगरपालिका–६, सुनसरी)**
**समय: बिहान १० बजे**



## बहाल क्षेत्र खाली गर्ने सम्बन्धी सूचना

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. १, 'ङ' (साविक वडा नं. ९) मा अवस्थित कित्ता नं. १४२७ को ४.५ तल्लाको घरको भुईं तल्लाको पूर्वतर्फका सटरहरु तथा दक्षिणतर्फको खाली जग्गा तपाईं श्री सम्राट महर्जन र आशिष सिंह सञ्चालक रहनु भएको क्रेजी क्रेभिङ रेस्टुरेन्ट एण्ड बार प्रा.लि.ले बहालमा लिई रेस्टुरेन्ट सञ्चालन गर्दै आउनुभएकोमा, तपाईंले लामो समयदेखि नियमित घरभाडा रकम भुक्तानी नगरेको विषयमा पटक-पटक लिखित सूचना दिइएकोमा केही महिनादेखी उक्त बहालमा लिएको क्षेत्र बन्द राखि सम्पर्कमा नआउनु भएकोले अन्तिम पटक यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**अत**:, यो सूचना प्रकाशित भएको मितिले ठीक ३५ (पैंतीस) दिनभित्र तपाईं क्रेजी क्रेभिङ रेस्टुरेन्ट एण्ड बार प्रा.लि. का सञ्चालकहरु श्री सम्राट महर्जन र आशिष सिंह सम्पर्कमा आइ बक्यौता रहेको सम्पूर्ण भाडा रकम जरिवानासहित चुक्ता गर्नुका साथै बहालमा लिनुभएको सम्पूर्ण क्षेत्र अविलम्ब खाली गरी हामी घरधनीलाई सुरक्षित रुपमा हस्तान्तरण गरिदिनुहुन यो अन्तिम म्याद दिइएको छ । अन्यथा कानून बमोजिम बहालमा लिएको क्षेत्र खाली गराउन बाध्य हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकरी गराइन्छ ।



## ग्रामथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**तेतरिया, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

### गिटी र बालुवा उत्खनन् संकलन तथा बिक्री गर्ने कार्यको E-BID मात्र ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२।०७।०२**
**Bid Addendum Publication Date: २०८२।०७।२७**

स्थानिय सरकार ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम ग्रामथान गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेक गिटी र बालुवाको उत्खनन् संकलन तथा बिक्री शुल्क असुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्देबस्त गर्नु परेकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणित प्रतिलिपि प्रमाणपत्र पेश गरी ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल शर्तको अधिनमा रही विधुतिय बोलपत्र आह्वान गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत |
|---|---|---|---|---|---|---|---|
| १. | G.R/NCB/ Internal/06-082-083 | लोहान्द्रा खोलाको गिटीर वालुवा उत्खनन् संकलन तथा बिक्री कार्य | ग्रामथान गा.पा. लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएका नाकाहरु | १५,२५,२७५.४४ | १,२२,०२,२०३.५२ | ३०००/- | कबोल अंक (भ्याट सहित) को ०५% |

- **नदीजन्य पदार्थ (ढुंगा, गिटी/मिक्स गिटी/बालुवा आदि) को दर प्रति क्यु.फिट (भ्याट बाहेक) रू.८।००**

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुरको लागि रू. ३०००।०० (तीन हजार) मात्रको यस कार्यालयको एन.आई.सी. एसिया बैंक पुष्पलालचौक शाखाको आन्तरिक राजश्व खाता नं. ९६९२०५०००५८३६००७ मा दाखिला गरि PPMO को बेभसाईट https://bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र बोलपत्र फारम https://bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिने छ ।
२. मिति २०८२।०८।०३ दिनको ११:०० बजे सम्म अनिवार्य बोलपत्र फारम Online बोलपत्र दर्ता गराउनु पर्नेछ ।
३. मिति २०८२।०८।०३ दिनको १२:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
४. बोलपत्र जमानत रकम बापत वोलपत्रदाताको कवोल अंक (भ्याट सहित)को ५% रकम, ग्रामथान गाउँपालिकाको नाममा रहेको एन.आई.सी. एसिया बैंक पुष्पलालचौक शाखाको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ धरौटी खातामा जम्मा गरेको भौचर वा "क" वर्गको बैंकले यस कार्यालयको नाममा बोलपत्र नं. र नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि र स्वघोषण पत्र साथै ठेक्का जमानत पत्र र अन्य आवश्यक सम्पूर्ण कागजात Scan Copy अनिवार्य रुपमा अपलोड गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको १५ दिन भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ र नियमानुसार कार्वाही गरिनेछ ।
७. बोलपत्र दाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको भ्याट समेत २५% रकम सम्झौता गर्दाको बखत बुझाउनु पर्ने साथै बाकी ७५ % रकमको बैंक ग्यारेन्टी पेश गरेपछि मात्र सम्झौता गरिनेछ । बोलपत्रदाताले कबोल गरेको रमक एकमुष्ठ बुझाएमा भ्याट बाहेकको रकममा १०% छुट दिन सकिनेछ।
८. ठेक्काको अवधि सम्झौता अवधि देखि २०८३ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप उत्खनन् गर्न रोक लगाइनेछ ।
९. ठेक्का सम्झौता भइसके पछि कुनै बन्द हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफी दिइने छैन ।
१०. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोके बमोजिमको दरले संकलन गर्नु पर्नेछ ।
११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कार्वाही गरि ठेक्का रद्द हुन सक्नेछ ।
१२. बोलपत्रदाताले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ साथै सार्वजनिक हितका लागि कुनै पनि निर्णय गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।
१४. बोलपत्रदाता तथा गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम मानिनेछ ।
१५. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।
१६. नदी वा खोला उत्खनन् तथा संकलन गर्न गाउँपालिकाको पूर्व अनुमति लिएर मात्र हेभि इक्युपमेन्ट प्रयोग गर्न पाइनेछ ।
१७. नदी जन्य पदार्थ बिक्री शुल्क तथा प्राकृतिक धारा किनारा घाट कुल कुलेशा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरि IEE ले तोके बमोजिम मात्र ढुङ्गा गिटी र बालुवा उठाउन पाउने छ ।
१८. नदिजन्य पदार्थ उत्खनन् गर्दा नदी नालाको पुल (पक्की) को हकमा तल तिर १ किमी र माथि तिर ५०० मिटर सम्म नदीजन्य पदार्थ उठाउन पाइने छैन ।
१९. प्रारम्भिक वातावरणिय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदिजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरेको प्रारम्भिक वातावरणिय प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।
२०. बोलपत्र कागजातमा वा बोलपत्र सुचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
२१. ठेक्का तथा बिड डकुमेन्ट सम्बन्धी अन्य जानकारीको लागि बोलपत्र दाताले https://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।
२२. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ बमोजिमको समयमा ठेक्का सम्झौता गर्न नआएमा, कालोसुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरिनेछ र सम्झौता नगर्नाले यस कार्यालयलाई हुने हानि नोक्सानि र यस कार्यालयले ठेकेदारबाट लिनु पर्ने बाकी र त्यसको दस (१०)% सुत समेत सो जायजेथाबाट समेत असुल उपर गरिने छ ।
२३. आ.व २०८१।८२ मा यस कार्यालयबाट आह्वान गरिएको ठेक्का "G.R/NCB/Goods/09-081-082 (Lohandra Khola ko Gitti ra Baluwa Utkhanan Sankalan Tatha Bikri Karya)" मा बोलपत्रको प्रस्ताव पेश गरि विभिन्न कारण देखाई यस कार्यालयले सम्झौता गर्न आउनका लागि पत्राचार गरेतापनि सम्झौता गर्न नआएका बोलपत्रदातारसंस्थाले यस ठेक्कामा बोलपत्रपेश गर्न पाउने छैन । यदि सो संस्थाहरुले बोलपत्र पेश गरेमा निजको धरौटी जफत गरि ठेक्का मुल्यांकन प्रकृयामा समावेश गराईने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**

रूपशाला

**परदेशी पीडा र प्रतीक्षाको स्वर 'दैलो खोल न' सार्वजनिक**

संगीतकार एवं सञ्चारकर्मी उमेश राउतको परदेशीको पीडा र प्रतिक्षाको स्वर 'दैलो खोल न' सार्वजनिक भएको छ। घरपरिवार सँगको र मायाप्रेमको संवेदनशील कथा समेटिएको यो गीतमा परदेशको पीडा र सम्झनाको गहिरो भाव उजागर गरिएको छ। सो गीतमा संगीत संयोजन पुरूषोत्तम सुवेदीको रहेको छ। हेमन्त कञ्छा रसाइलीको सारंगी, रत्न विकको बाँसुरी, भुवन गन्धर्वको तबला, पोशन मगरको मादल र सरोज विष्टको गितारले गीतलाई जीवन्त बनाएको छ।




रंगशाला

**एभरेस्ट महिला भलिबल**

# कर्णाली फाइनलमा

## ललितपुरविरुद्ध पोखरा विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** मधेश युनाइटेडमाथि ३-० को सहज जित हासिल गर्दै कर्णाली यशिवस एभरेष्ट महिला भलिबल लिग (इडब्लुभिएल) को अंकतालिकामा ललितपुर क्विन्सलाई उछिन्दै फाइनल प्रवेश गरेको छ।

बुधबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद (राखेप) कभर्डहलमा सम्पन्न खेलमा कर्णालीले मधेशको चुनौती २५-१५, २५-१२, २५-१७ ले पन्छाएको हो। चार खेलमा तेस्रो हार बेहोरेको मधेश हाल तेस्रो स्थानमा छ।

इडब्लुभिएलको दोस्रो संस्करण गत भाद्र २० देखि २८ गतेसम्म पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा हुने तालिका थियो। तर, भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनका कारण प्रतियोगिता अस्थायी रूपमा प्रभावित भएपछि बाँकी खेलहरू अनिश्चित समयका लागि स्थगित गरिएको थियो। परिमार्जित नयाँ मिति अनुसार बुधबारबाट पुनः सुचारु भएको लिग कार्तिक २९ सम्म चल्नेछ।

**पोखराद्वारा ललितपुर पराजित**

पोखरा निन्जाले एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल) मा बुधबार ललितपुर क्विन्सविरुद्ध ३-० को सोझो सेटमा जित दर्ता गरेको छ। पहिलो जितसँगै चार खेलमा चार अंक जोडेको पोखरा तेस्रो स्थानमा उक्लिएको छ। पहिलो पराजय बेहोरेको ललितपुर समान खेलबाट ९ अंकका साथ दोस्रो स्थानमा छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा सम्पन्न खेल पोखराले २५-२२, २५-१३, २५-२० ले आफ्नो पक्षमा पारेको थियो।

**अन्तर्राष्ट्रिय माउन्टेन बाइक प्रतियोगिता**

# आठ देशका ५० खेलाडीले प्रतिस्पर्धा गर्दै

**कास्की (प्रस)–** पर्यटकीय सहर पोखरामा आज (बिहीबार)देखि तेस्रो संस्करणको 'इन्डुरो अन्तरराष्ट्रिय माउन्टेन बाइक' प्रतियोगिताको सुरु हुँदैछ। यही कात्तिक २९ गतेसम्म चल्ने प्रतियोगिता समुन्द्री सतहबाट एक हजार ३६० मिटर उचाइमा अवस्थित पोखरा महानगरपालिका-१३ को आर्बा-विजय डाँडामा आयोजना हुनेछ।

प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजक माउन्टेन बाइक कम्पनी डन टिल डस्कले जनाएको छ। खेलाडीहरू सबै पोखरा आइपुगेका छन्। प्रतियोगिता स्थलमा सहभागी देशका झण्डाहरू राखेर सजाइएको छ।

प्रतियोगिताका 'रेस' निर्देशक सुनीलचन्द्र शर्माले प्रतियोगितामा नेपालसहित जर्मनी, सिंगापुर, अष्ट्रेलिया, बेलायत, श्रीलंका, ओमन र अमेरिका गरी आठ देशका ५० खेलाडीले प्रतिस्पर्धा गर्ने निश्चित भएको छ।

उनले भने, 'साहसिक इन्डुरो माउन्टेन बाइक रेसको सबै तयारी पूरा भएको छ। आठ देशका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। यसअघि १३ बढी देशले नाम दर्ता गराएका थिए। तर नेपालमा भएको जेनजी आन्दोलनले परेको नकारात्मक असरका कारण अरु देशले दर्ता रद्द गरेका छन्।'

प्रतियोगितामा पुरुषतर्फ जुनियर (१२-१८ वर्ष), महिला खुला (१८ वर्ष माथिका), इलिट (२९ वर्ष माथिका), मास्टर्स 'क' (३०-३९ वर्ष), मास्टर्स 'ख' (४०-४९ वर्ष) र भेट्रान (५० वर्ष माथि) गरी छ विधामा छ वटै ट्र्याकमा प्रतिस्पर्धा हुनेछ।

आयोजक डन टिल डस्कले सन् २०२० देखि तयारी गर्दै उक्त क्षेत्रमा संरचना बनाइरहेको छ। यसअघि विसं २०८० र विसं २०८१ मा प्रतियोगिता सम्पन्न भइसकेको छ। इन्डुरो प्रतियोगिताले विश्वभर ठूलो संख्यामा रहेका 'माउन्टेन बाइक' प्रेमी खेलाडी आकर्षित भई नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको प्रतियोगिता संयोजक शर्माले बताए।

# पोस्टरमा 'आ बाट आमा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी माघ १६ गतेबाट रिलिज मिति घोषणा गर्दै 'आ बाट आमा'टिमले २ वटा पोस्टर सार्वजनिक गरेको छ। बुधबार निर्माण टिमले फिल्मको कथावस्तु झल्काउने गरिको दुई वटा पोस्टर सार्वजनिक गरेको हो।

'बा आमाले पसिनाले घर बनाउनु भयो, हामीले रहर र बाध्यता 'पासपोर्ट' बनाउनु पर्यो' भन्नै स्लोगन राखिएको छ। यस शब्दले पनि आमा बुबाप्रति छोराछोरीबीचको कथालाई प्रस्तुत गर्नेछ भन्ने बुझ्न सकिन्छ। एउटा पोस्टरमा विपना थापा, प्रदीप रावत,पल शाह, सिमरन पन्त खुशी देखिएका छन्। सोही ठाउमा साइग्रेस पोखरेल पनि खुशी मुद्रामा देखिन्छन्। त्यसपछि अर्को पोस्टरमा भने सबै भावुक छन्। श्रीमान श्रीमतीको भुमिकामा रहेको विपना र प्रदीप अगालोमा बेरिएर रोइरहेको देख्न सकिन्छ भने छोराको भुमिकामा रहेका पल शाहको रगताम्य छन्।

ग्रामीण परिवेशमा आधारित फिल्मले




आमाबाबु र सन्तानबीचको भावनात्मक सम्बन्धलाई केन्द्रमा राखेको निर्माण भएको यो फिल्मलाई चन्द्र पन्तले निर्देशन गरेका हुन्। निर्देशक पन्तकै लेखन, पटकथामा निर्माण भएको यो फिल्ममा आर्या पन्तको प्रस्तुति रहेको छ।


फिल्ममा विपना थापा, प्रदीप रावत, पल शाह, साईग्रेस पोखरेल, सिम्रन पन्त, उषा उप्रेती, विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, हेमराज अधिकारी (खनत्या खलास), दिलिप उखेडा, रचना गौतमलगायत रहेका छन्। फिल्म 'आ बाट आमा'मा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्माता हुन् भने कार्यकारी निर्माताामा करण सिंह रसाली रहेका छन्।

आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो फिल्मको डिओपीमा नवराज उप्रेती रहेका छन्। फिल्मको संगीतमा कोशिस क्षेत्री, बाबुल गिरी, थानेश्वर गौतम रहेका छन्। यो फिल्मको विदेश प्रदर्शन अधिकार केहि देशमा बिक्री समेत भइसकेको छ। एक दुई साताअघि नै यो फिल्मलाई हिमारु इन्टरटेन्मेन्ट प्रा.लि.ले अस्ट्रेलिया र न्युजिल्याण्ड प्रदर्शन अधिकार लिइसकेको छ। आरआर फिल्मस्ले वितरणको जिम्मा लिएको यो फिल्मको डिजिटल अधिकार ओएसआर डिजिटलको छ।

# २०८२ मा सर्वाधिक कमाइ गर्ने चलचित्र बन्यो 'जेरी अन टप'

**काठमाडौं (प्रस)–** गत असोज ३१ गतेदेखि प्रदर्शनरत नेपाली चलचित्र 'जेरी अन टप' २०८२ सालमा सबैभन्दा बढी कमाइ गर्ने चलचित्र बनेको छ।

यस वर्ष प्रदर्शनमा आएका चलचित्रमध्ये 'जेरी अन टप' गत शनिबारसम्म रु ११ करोड ७१ लख ४१ हजार ४९८ कमाइ (ग्रस कलेक्सन) गरेको चलचित्र विकास बोर्डअन्तर्गतको 'बक्सअफिस सिनेपा' ले जनाएको छ। बोर्डले सोमबार चलचित्रको व्यावसायिक तथ्यांक सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो।




उक्त चलचित्रका निर्माता सरोज न्यौपानेले दर्शकबाट प्राप्त साथ र मायाको आफू सदैव आभारी रहने बताए। उनले भने, 'चलचित्र 'जेरी अन टप' प्रदर्शनरत भएकाले आगामी दिनमा यसको व्यावसायिक आँकडा बढ्ने निश्चित छ। हामीलाई वितरकले दिनुभएको व्यावसायिक तथ्यांक भने चलचित्र विकास बोर्डको भन्दा बढी छ। यद्यपि, सगरमाथाको विषयमा बनेको चलचित्रले घरेलुसँगै प्रवासको बजारमा दर्शकको राम्रो साथ पाउनु हामी सबैका लागि खुसीको खबर हो।' यसअघि गत वैशाखमा प्रदर्शन भएको 'ऊनको स्वीटर' ले रु ११ करोड ४१ लाख ८८ हजार ७८० कमाइ गरेको थियो।

**लेकम गाउँपालिका**

**गाउँ कार्यपालिका कार्यालय**

**रातामाटा, दार्चुला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

**प्रकाशित मिति: २०८२/०७/२७**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०६/०७ गतेको प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावहरूको मुल्यांकनमा सारभुत रूपले प्रभावग्राही भएका तपसिलका बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०८/०४ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ उपनियम ५ बमोजिम बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि यो यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का न. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरू |
|---|---|---|---|
| 1. | LRM/W/ NCB/ 05/ 2082/2083 | Upgrading of Gokule Lali Road | 1. Indradhanu Nirman Sewa pvt.ltd, Surnaya-02 Baitadi<br>2. Jashling/Gokuleshwor JV, shailyashikhar-09, Darchula<br>3. Arun /Nagarjun JV, Dhungesanghu-4 Taplejung<br>4. SK/DS/Gagan JV, Shailyashikhar-09 Darchula<br>5. Hunainath Ranibansh-kuamaeti-NK JV, Mahakali-05 Darchula<br>6. RP-Mahadev-Dynamite JV, Mahakali-04 Darchula |

**प्रमूख प्रशासकीय अधिकृत**

**Sunawarshi Municipality**

**Office Of The Municiple Executive**

**Dainiya, Morang**

**Koshi Province**

**Invitation For Bid**

**Published Date: 2082/07/27 (Nov 13th, 2025)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ 082/83-01 | Construction of Dainiya Paschim dekhi chandankhandi jane sadak kalopatre | 1,60,36,121.71/- | 4,00,000.00/- | 3,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138**

& For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)**

4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang by Eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2082/08/26 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2082/08/28. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Mangsir, 28, 2082 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 90 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief Administrative Officer**

# अस्ट्रेलिया-इण्डोनेसिया नयाँ सुरक्षा सन्धिमा सहमत



**सिड्नी–** अस्ट्रेलिया र इण्डोनेसियाले बुधबार नयाँ सुरक्षा सन्धिमा हस्ताक्षर गर्न सहमति जनाएका छन्, । सन्धिमा दुवै देशबीचको सैन्य सहयोगलाई अझ सुदृढ बनाउने व्यवस्था समावेश गरिएको छ । सिड्नीमा सम्पन्न उच्चस्तरीय वार्तापछि दुवै देशका नेताहरूले संयुक्तरूपमा उक्त जानकारी दिएका हुन् ।

अस्ट्रेलियाले एसिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभावलाई सन्तुलन गर्न आफ्ना रक्षा क्षमताहरू विस्तार गर्दै आएको छ र परम्परागत सहयोगी संयुक्त राज्य अमेरिकासँग सम्बन्ध अझ गाढा बनाउँदै गएको छ । तर इण्डोनेसियाले भने बेइजिङसँग सन्तुलित सम्बन्ध कायम गर्न चाहँदै अपेक्षाकृत तटस्थ नीति अवलम्बन गर्दै आएको छ ।

सिड्नीको रोयल अस्ट्रेलियन नेभी बेसमा इण्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तोसँग संयुक्त पत्रकार सम्मेलनमा अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले भने, 'हाम्रो साझा सुरक्षालाई बलियो पार्ने उद्देश्यसहित नयाँ द्विपक्षीय सन्धिमा पर्याप्त प्रगति भएको छ । यो सन्धि शान्ति र स्थिरता सुनिश्चित गर्ने उत्तम उपाय सँगै काम गर्नु नै हाम्रो विश्वासको प्रतीक हो ।'

प्रधानमन्त्री अल्बानिजले आगामी वर्ष इण्डोनेसियाको भ्रमण गरी उक्त सन्धिमा औपचारिक रूपमा हस्ताक्षर गर्ने आशा व्यक्त गरे । उनले यो नयाँ सम्झौता सन् २०२४ मा भएको द्विपक्षीय रक्षा सम्झौतामा आधारित रहेको र यसले विवादास्पद एसिया-प्रशान्त क्षेत्रमा दुवै देशबीचको सहकार्यलाई अझ गहिरो बनाउने बताए ।

सन्धिअनुसार अस्ट्रेलिया र इण्डोनेसियाले सुरक्षा मामिलामा नियमितरूपमा प्रधानमन्त्री तथा मन्त्रीस्तरीय परामर्श गर्ने छन् । साथै, कुनै एक वा दुवै देशको सुरक्षा जोखिममा परेको अवस्थामा व्यक्तिगत वा संयुक्तरूपमा अपनाउन सकिने उपायहरूबारे छलफल र समन्वय गर्न पनि यसले अवसर प्रदान गर्ने छ ।

इण्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तोले पनि उक्त सम्झौता दुवै देशबीच 'रक्षा र सुरक्षा क्षेत्रमा घनिष्ठ सहकार्य' प्रवर्द्धन गर्ने दिशामा महत्त्वपूर्ण कदम भएको बताए । उनले भने, 'हामी छिमेकीहरू छनोट गर्न सक्दैनौं, तर असल छिमेकीहरूले कठिन समयमा एकअर्काको साथ दिनुपर्छ । यही भावना यस सन्धिको मूलमा निहित छ ।' नयाँ सुरक्षा सन्धि दुवै मुलुकका लागि साझा हित र क्षेत्रीय स्थिरताको आधारस्तम्भ बन्ने विश्वास व्यक्त गरिएको छ । *रासस/एएफपी*

# फिलिपिन्समा दोहोरो चक्रवातका कारण मृत्यु हुनेको संख्या २५९ पुग्यो

**मनिला–** फिलिपिन्समा हालै आएको दुईवटा शक्तिशाली चक्रवातका कारण मृत्यु हुनेको संख्या २५९ पुग्नुका साथै लाखौं मानिसहरू विस्थापित भएको अधिकारीहरूले बुधबार बताएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् (एनडीआरआरएमसी) आइतबार सुपर आँधीको रूपमा आएको फङ-वङले उत्तर-मध्य लुजोन पार गर्दा अवतरण हुनु अघि कम्तीमा २७ जनाको मृत्यु हुनुका साथै अन्य दुई जना अझै बेपत्ता रहेको बताएको छ ।

नोभेम्बर-४ मा आएको कालमेगी चक्रवातले मध्य फिलिपिन्समा बाढी र पहिरो निम्त्याउदा २३२ जनाको मृत्यु हुनुका साथै ११२ जना बेपत्ता भएको तथा ५०० बढी घाइते भएको जनाइएको छ । चक्रवातका कारण अधिकांश मृत्यु सेबु प्रान्तमा भएको रिपोर्ट गरिएको छ, जुन सेप्टेम्बर ३० मा आएको ६.९ म्याग्निच्युडको भूकम्पबाट पनि धेरै पीडित छ।

एजेन्सीका अनुसार चक्रवातले लाखौं बासिन्दाहरूलाई विस्थापित गरी घर, खेतबारी र सडक तथा पुलहरूसहित प्रमुख पूर्वाधारहरूको विनाश निम्त्याएको छ । फङ-वोङ यस वर्ष फिलिपिन्समा आएको २१औं उष्णकटिबन्धीय चक्रवात थियो जसले देशको वार्षिक औसत २० आँधीलाई पार गरेको छ । *रासस/सिन्ह्वा*

## गौरीशंकर गाउँपालिका
## गाउँ कार्य पालिकाको कार्यालय
**सुरी-५, दोलखा**

## आन्तरिक आय संकलनको ठेक्का बन्दोवस्त गर्ने शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः- २०८२/०७/२७**

देहाय वमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारबाट स्वीकृत आर्थिक विधेयकमा उल्लेखित दर बमोजिम संकलन गर्ने गराउने गरी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित परिमाणमा उत्पादन गरिएका रोडा, ढुङ्गा, गिटी, वालुवा तथा लोहोरे ढुङ्गा आदी जदिजन्य पदार्थ संकलन तथा बिक्री शूल्क संकलनको ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी २०८२/०८/१२ गते दिनको १२:०० बजे सार्बजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np मार्फत बोलपत्र पेश गर्नु पर्नेछ । अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्नहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | ठेक्का शिर्षक | परिमाण (घ.मि) | धरौटी रकम | न्युनतम ठेक्का रकम (मु.अ.कर वाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | 02/GRM/SQ/ GOODS/2082-83 | तामाकोशी नदिको वायाँ पट्टि रहेको पिखुति तथा तामाकोशी क्षेत्र | २९४८।४० | कबोल रकमको ५% | ७,२८,३४३।२५ | १०००/०० |

**प्रमुख प्रशासकिय अधिकृत**

# भ्रष्टाचारको आरोपमा श्रीलंकाका पूर्वमन्त्री पक्राउ



**कोलम्बो–** श्रीलंकाका पूर्वपर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रसन्ना रणतुंगालाई घुसखोरी तथा भ्रष्टाचारको आरोपबारे अनुसन्धान गर्नका लागि पक्राउ गरेको अधिकारीहरूले बुधबार जनाएका छन् ।

आयोगले विज्ञप्ति जारी गर्दै रणतुंगालाई सन् २०२१ मा उनको कार्यकालमा भएको भ्रष्टाचारको आरोपमा हिरासतमा लिइएको बताएको छ । आयोगका अनुसार यो मामिलामा पर्यटन मन्त्रालयअन्तर्गतका चार संस्थाका लागि नयाँ बिमा योजना खरिद गरिएको छ ।

राज्यको स्वामित्वमा रहेको श्रीलंका बिमा निगम (एसएलआइसी) बाट सधैं खरिद गर्नुको सट्टा रणतुंगाले निजी कम्पनीमार्फत खरिद गर्दा एसएलआइसीलाई ४.७ मिलियन रूपैयाँ (२०२१ को विनिमय दरमा लगभग २४ हजार अमेरिकी डलर) को नोक्सान भएको जनाइएको छ ।

आयोगले पूर्वमन्त्रीलाई वयानका लागि कोलम्बोको अदालतमा पेस गरिने जनाएको छ । रणतुंगाले यसअघि महिन्दा राजापाक्ष, गोताबाया राजापाक्ष र रानिल विक्रमसिंघेको कार्यकालमा धेरै प्रमुख पदहरू सम्हालेको जनाइएको छ । *रासस/सिन्ह्वा*

## लिखु पिके गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चौंलाखर्क सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

## सेवा करारमा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८२/०७/२६ गते**

यस लिखु पिके गाउँपालिका अन्तर्गत तपशिल बमोजिम रिक्त रहेका पदहरुमा करार सेवाको माध्यमबाट पदपूती गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रै) दिनभित्र राजश्व तिरेको रसिदसहित दरखास्त दिनुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**विज्ञापन नं.०३-०८२/८३**

| क्र.स. | सेवा/समूह/उप समूह | पद/तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य/हे.ई. | जनस्वास्थ्य अधिकृत (अधिकृतस्तर सातौं) | १ | तेस्रो पटक प्रकाशित |
| २ | स्वास्थ्य/आयुर्वेद | वैद्य (AAHW) (सहायकस्तर चौथो) | १ | |

**शैक्षिक योग्यता र अनुभवः**

१. नेपाली नागरिक हुनुपर्ने ।

२. **न्युनतम शैक्षिक योग्यताः**
- **जनस्वास्थ्य अधिकृतः** लोक सेवा आयोगले लिने जनस्वास्थ्य अधिकृत पदको लागि चाहिने न्युनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको दर्ता प्रमाणपत्र लगायतका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपीहरु
- **वैद्य (AAHW)ः** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट वैद्य (AAHW) कोर्ष उतीर्ण गरि नेपाल आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको दर्ता प्रमाणपत्रलगायतका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपीहरु ।

३. अनुभवी उमेद्वारलाई विशेष प्राथमिकता दिइने छ ।

४. **उमेर (जनस्वास्थ्य अधिकृत)ः** महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र पुरूषको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,

५. **वैद्य (AAHW)ः** महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र पुरूषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,

६. प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने ।

७. **परिक्षाको किसिमः** लिखित र अन्तर्वार्ता

८. **सेवा/सुविधाः** नेपाल सरकारले तोके बमोजिम ।

९. **दरखास्त दस्तुरः** अधिकृतस्तरको हकमा रू. १०००/- र सहायकस्तर चौथोको हकमा रु ५००/-

१०. दरखास्त फाराम कार्यालय समयभित्र कार्यालयबाट लिन सकिनेछ साथै कार्यालयको वेभसाइट www.llkhupkemun.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।

११. **निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः**
- दरखास्त फाराम ।
- बायोडाटा र दुई प्रति पासपोर्ट साइजको फोटो ।
- माथि उल्लेखित सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपीहरु ।
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- कार्य अनुभव खुल्ने कागजातहरु ।

१२. कर्मचारी भर्ना छनौट सम्बन्धी अन्य व्यवस्था लिखु पिके गाँउपालिकाको करार सेवामा प्राबिधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २००७८ (पहिलो संशोधन) बमोजिम हुनेछ।

**पुनश्चः** कार्यालय समयमा उपस्थित हुन नसकेको खण्डमा यस लिखु पिके गाँउपालिकाको नाममा सिटिजन्स बैंकमा रहेको आन्तरिक राजश्व खाता (LIKHU PIKEY GA. PA. ANTARIKA RAJASWA KHATA) नं. ०७२०१००००००१२०२ मा तोकिएको राजश्व तिरेको रसिदलगायत अन्य आवश्यक सम्पूर्ण कागजातहरु सहित कार्यालयको ईमेल ठेगाना likhupikerm@gmail.com मा समेत पठाउन सकिनेछ । साथै परीक्षामा सामेल हुन आउँदा सम्पूर्ण कागजातहरुको सक्कल प्रति समेत लिई आउनुपर्नेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## सगरमाथा बहुउदेश्यीय सहकारी संस्था लि.
## कर्जा तिर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८२/०७/२७ गते**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले व्यवसायिक प्रयोजनका लागि लग्नु भएको कर्जाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गर्दा समेत कुनै चासो नदेखाई व्यवस्था गर्नु भएकोले कर्जा चुक्ता गर्न आउनु भनी यो ३५ दिने सूचना प्रकाशित गरिएकोछ । यो सूचना प्रकाशित भएको ३५ दिन भित्रमा यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नु होला अन्यथा ३६ औ दिनमा तपसिलमा उल्लेखित जग्गा लिलाम विक्रिमा गरिनेछ ।

| धनी/ऋणी | | जिल्ला | गा.वि.स | वडा नं. | कि.नं | क्षेत्रफल ब.मी |
|---|---|---|---|---|---|---|
| **चमेली लामा** |  | ललितपुर | डुकुछाप | ७ घ | १६१ | ०-५-०-० |
| | | **ऋण रकमः** कि.न. १६१ मा मिति २०८२/०७/२७ गतेका दिन सम्ममा सावा व्याज गरेर रु.२४,४०,९५४/- रहेकोछ । | | | | |

| ऋणीको विवरणः | जमानीकताको विवरणः |
|---|---|
| ससुरा : राज कुमार लामा<br>बाबुः चन्द्र बहादुर लामा<br>ऋणीः चमेली लामा<br>ठेगाना : डुकुछाप-७, ललितपुर | बाजे : पूर्ण बहादुर लामा<br>बाबु : राज कुमार लामा<br>धन जमानीः सानु बाबु लामा<br>ठेगाना : डुकुछाप-७, ललितपुर |

**विवरणः**

१. बोलपत्र फारम कार्यालय समयमा यस संस्थाको कार्यालय का.म.न.पा-०५, हाडीगाउँ, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ ।
२. लिलाम गोप्य शिलबन्दी बोलपत्रका आधारमा डाक बढाबढका आधारमा हुनेछ ।
३. अचल सम्पत्ती निरीक्षण गर्न चाहनेले बोलपत्र दाखिला गर्नु अधि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
४. बोलपत्र दाखिला गर्ने मिति २०८२/०९/०२ गते १ बजेसम्म ।
५. बोलपत्र पेश गर्दा बोलकबोल अंकको १०% ले हुने रकम धरौटी स्वरूप यस सस्थाको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.मा जम्मा गरी सक्कल भौचर, बोलपत्र फारम र नागरिकताको फोटोकपी सहित शिलबन्दी राखी पेश गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला गर्दा बोलपत्रको भित्र तथा बाहिरपट्टी जुन धितोको लागि बोलपत्र दाखिला गरेको हो, सो को विवरण उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र खोलिने दिन बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थिती नभएपनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
८. रित नपुगेको वा म्याद भित्र दाखिल नभएको बोलपत्रहरू स्वत रद्द हुनेछ ।
९. बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ सात दिनभित्र आफूले कबोल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षाणमा रहेको सम्पत्ती आफनो जिम्मा लिनुपर्नेछ । सो म्याद भित्र नबुझाएमा धरौटी बापत जम्मा गरको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
१०.बोलपत्र सहकारी सस्थाको कार्यालय का.म.न.पा.५, हाडीगाउँमा मिति २०८२/०९/०३ गते दिनको २ बजे खोलिनेछ ।
११.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ ।
१२.सम्पत्ती दाखिल खारेज नामसारी गर्दा लाग्ने राजश्व सम्पूर्ण दै दस्तुर तथा शुल्क आदि सम्पूर्ण खर्च सकारकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।

**पुनश्चः** सो लिलामी प्रक्रियामा सहभागी हुन तथा अन्य जानकारीका लागि सहकारी सस्थामा सम्पर्क राख्नुहोला ।

**सगरमाथा बहुउदेश्यीय सहकारी संस्था लिमिटेड**
का.म.न.पा-०५, हाडीगाउँ, काठमाडौं, फोन नं.०१-५१०४५८८

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २४४३०० | प्रति तोला – ० | प्रति तोला – ३१७५ |



**टनेलमा तरकारी** | काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-४ नालास्थित बुलेफाँटमा रहेका तरकारीका टनेल । नाला क्षेत्रका किसान रोग र कीराबाट तरकारी जोगाउन पछिल्ला केही वर्षदेखि टनेलमा तरकारी खेती गर्न थालका छन् । *तस्बिर : राजकुमार पराजुली/रासस*

## 'ऊर्जामा महिलाले लगानी गर्न सक्ने वातावरण बनाउन आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) अध्यक्ष गणेश कार्कीले ऊर्जा क्षेत्रमा महिलाले लगानी गर्न सक्ने वातावरण बनाउन आवश्यक रहेको बताएका छन् ।

ऊर्जा क्षेत्रमा महिला सहभागिता निकै न्यून रहेको कुरा उठिरहँदा अध्यक्ष कार्कीले महिलालाई प्रोत्साहन गर्ने हो भने महिलामैत्री नीति आवश्यक रहेको औंल्याए ।

'क्षमता हुँदाहुँदै पनि लगानी अभावले कतिपय महिलाहरू यो क्षेत्रमा आउन सक्नु भएको छैन । ऊर्जा क्षेत्रमा जागिरमा मात्रै होइन अब व्यवस्थापनतर्फ पनि महिला सहभागिता बढाउन पर्‍यो,' बुधबार ऊर्जा क्षेत्रमा लेख्दै आएका पत्रकार महिलाहरूसँग कुराकानी गर्दै उनले भने ।



▸▸ क्षमता हुँदाहुँदै पनि लगानी अभावले कतिपय महिलाहरू यो क्षेत्रमा आउन सक्नु भएको छैन । ऊर्जा क्षेत्रमा जागिरमा मात्रै होइन अब व्यवस्थापनतर्फ पनि महिला सहभागिता बढाउन पर्‍यो ।

ऊर्जा निकै महत्वपूर्ण र गाँस, वास, कपास जस्तै अत्यावश्यक क्षेत्र भएकाले ऊर्जा क्षेत्रको समग्र सुरक्षामा पनि सरकारले ध्यान पुऱ्याउनुपर्ने उनको भनाइ छ ।

इप्पानकी सचिव कविता पोखेलले यो क्षेत्र प्राविधिक र केही चुनौती रहेकाले महिला सहभागिता कम भएको बताइन् । अझै पनि महिलाहरू घरायसी काममा धेरै अल्झिनुपर्ने अवस्थाका कारण यो क्षेत्रमा आएर पनि धेरै महिलाहरू अगाडि बढ्न नसकेको उनको भनाइ छ । 'सरकारको नीति पनि महिलालाई प्रोत्साहन गर्ने हुनु आवश्यक छ । महिलालाई कर छुट वा अन्य सुविधा दिइयो भने पनि यो क्षेत्रमा लगानी गर्न महिला आकर्षित हुन्छन्,' उनले भनिन् ।

निकै दुःख गरेर लगानी गरेका आयोजनाको पनि बिजुली खेर जाने अवस्थाले गर्दा पनि महिलाहरूलाई हतोत्साहित गरेको उनको भनाइ छ ।

### डेडिकेटेड तथा ट्रंकलाइन विवाद

## जगदम्बा र घोराही सिमेन्टले बुझायो पहिलो किस्ता

**काठमाडौं (प्रस)–** पर्सा औद्योगिक करिडोरमा सञ्चालित जगदम्बा स्टिल प्रालिले विगतमा लोडसेडिङको समयमा डेडिकेटेड तथा ट्रंक लाइनबाट विद्युत उपभोग गरेको प्रिमियम महसुलको बक्यौता रकम बुधवार तिरेको छ ।

पहिलो किस्ता तिरेपछि गत ४ कात्तिकमा विच्छेद गरिएको जगदम्बाको विद्युत लाइन बुधवार साँझ जडान गरिएको छ । जगदम्बा सबैभन्दा बढी बक्यौता रहेको उद्योग हो । जगदम्बाको १ अर्ब ६० करोड १८ लाख रूपैयाँ बक्यौता छ ।

जगदम्बाले २०७२ माघदेखि २०७५ वैशाखसम्ममा डेडिकेटेड तथा ट्रंक लाइन प्रयोग बापतको प्रिमियम महसुलको पहिलो किस्ता बुझाएको हो । बक्यौतालाई २८ किस्तामा विभाजन गरी जगदम्बाले ५ करोड ७२ लाख ९ हजार रूपैयाँ पहिलो किस्ता बुझाएको छ । त्यस्तै घोराही सिमेन्टले पहिलो किस्ताबापत १ करोड ८१ लाख रूपैयाँ रकम भुक्तानी गरेको छ ।

प्राधिकरणका अनुसार, सो उद्योगले ५० करोड ८५ लाख रूपैयाँ भुक्तानी गर्न बाँकी थियो । तोकिएको अवधिमा महशुल नबुझाएपछि प्राधिकरणले उक्त उद्योगमा लाइन काटेको थियो । महशुलबापतको पहिलो किस्ता बुझाएसँगै उद्योगमा लाइन जोडिएको प्राधिकरणले जनाएको छ ।

## नेप्से परिसूचकमा दोहोरो अंकको गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक २० दशमलव ५६ अंकले घटेर दुई हजार ५४४ दशमलव ५९ को विन्दुमा कायम भएको छ । ३२१ कम्पनीका ८४ लाख चार हजार ६१६ कित्ता शेयर ६६ हजार ८२४ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ८४ करोड ८५ लाख ८६ हजार ४११ दशमलव ६७ को कारोबार भएको छ ।

कारोबारमा उत्पादन तथा प्रशोधन समूहबाहेक अरु सबै समूहको उपसूचक घटेका छन् । कारोबार रकमका आधारमा सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको रु ४० करोड ३४ लाख तीन हजार ५४२ दशमलव ६० बराबरको र शेयर संख्याका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनीको दुई लाख ९४ हजार ७९६ कित्ता शेयर किनबेच भएको छ ।

## 'होमस्टे'मा आकर्षण बढ्दो

**महेन्द्रनगर–** कैलाली र कञ्चनपुरमा मात्रै बसोबास रहेको राना थारु समुदायले सञ्चालन गरेको पाहुना घर (होमस्टे) फष्टाउँदै गएको छ । दश वर्षअघि कञ्चनपुरको भीमदत्त नगरपालिका-१४ नयाँ कटानमा स्थापना भएको होमस्टे राना थारु समुदायको आयआर्जनको माध्यम बनेको छ ।

यहाँबाट विश्वमै बाह्रसिङ्गेको विशाल बथानले परिचित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै जोडिएको पाहुनाघरमा हिउँदका बेला बासका लागि आउँदा बाह्रसिंगे, चित्तल, मयूर, बदेल र विभिन्न प्रजातिका चराचुरुंगी सहज रूपमा अवलोकन गर्न पाइने गरेको होमस्टे सञ्चालकहरूको भनाइ छ ।

राना थारु सामुदायिक होमस्टेका अध्यक्ष परशुराम रानाले निकुञ्जसित जोडिएकाले वन्यजन्तु अवलोकन गर्न पाइने गरेको बताए । 'निकुञ्जले तार जाली नहालेका बेला त चित्तल, बँदेलले हाम्रो खेतबारीमा निकै नोक्सान पुऱ्याउथे', अध्यक्ष रानाले भने, 'निकुञ्जमा भ्रमण अवलोकनका लागि आउनेहरू प्रायः बासका लागि होमस्टेमै आउँछन् ।'

यहाँ आन्तरिक तथा बाह्य पर्यटकहरू आउने जाने क्रम चलिरहेको भए पनि आवश्यक प्रचार अझै नभएको उनको छ । 'मुलुकका अन्य निकुञ्ज छेउछाउबाट यहाँ अवलोकनका लागि आउनेहरू बास यही बस्छन्', रानाले भने, 'गत वर्ष मात्रै तीन हजारको हाराहारीमा पाहुनाहरू आएको तथ्यांक छ ।'

उनले आठ वटा घरमा सञ्चालित होमस्टेमा सञ्चालकहरूले प्रतिघर वार्षिक रु डेढदेखि दुई लाखसम्म आम्दानी गर्ने गरेको जानकारी दिए । निकुञ्जका साथै होमस्टेमा बास बस्ने पर्यटकलाई दोधारा चाँदनी झोलुंगे पुल र पिपरियामा रहेको हात्तीसारमा हात्ती अवलोकनका लागि पनि दूरीका हिसाबले नजिक पर्छ । 'यहाँ हिउँदको समय र फागुनदेखि जेठसम्म पर्यटकहरू बासका लागि धेरै आउँछन्', अध्यक्ष रानाले भने 'यहाँ राना थारु परिकारदेखि पहिरन र सांस्कृतिक कार्यक्रममा रमाउने गर्छन ।' यहाँ गत साउनयता दुई सयभन्दा बढी पर्यटकले बास बसेको उनको भनाइ छ । रानाका अनुसार छिटपुट रूपमा होमस्टे सञ्चालनमा दातृ निकायले सहयोग गर्दै आएका छन् ।

'दश वर्षअघि होमस्टे सुरु गर्दा पनि दाताहरूबाट सहयोग मिलेको थियो', उनले भने, 'यहाँको थारु नृत्यहरूको माग धेरै कार्यक्रममा अन्त हुने गर्छ ।' सुलभ बसाइ हुने भएकाले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज घुम्न आउने प्रायः पर्यटक होमस्टेमै बास बस्ने गरेको विगतझैं अहिले पनि पर्यटक आवागमनमा कमी आएको छ । *रासस*


## चिसो बढेसँगै सुनसान बन्दै बुकीपाटन

**ढोरपाटन (बागलुङ)–** वर्खामा आन्तरिक पर्यटकले गुल्जार बनेको बुकीपाटन चिसो बढेपछि सुनसान भएको छ । सयौं गोठाला र हजारौं वस्तुभाउसँगै पर्यटकले चहलपहल हुने बुकीपाटन कात्तिक पहिलो सातादेखि सुनसान बनेको हो ।

अग्ला पहाड पनि हरियो घाँस सुक्दै गएपछि उराठिला बनेका छन् । पहिले गोठालाले रचन क्षेत्रका रूपमा प्रयोग गर्दै आएको बुकीपाटन पछिल्लो दुई वर्षदेखि आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेको छ ।

असारदेखि असोजसम्म बुकीपाटनमा पर्ने गर्पाछेडा, दहखर्क, टीकाधारा, राजवन, स्याचुन, फुर्से देउराली, फागुने देउरालीलगायतका क्षेत्रमा गोठलाको बाक्लो बसाइँ हुने गर्छ । गोठालाले गोठ बेसी झारेपछि बुकीपाटन सुनसान छ । चिसो बढेका कारण पर्यटकसमेत पुग्न सकेका छैनन् । समुन्द्री सतहदेखि करिब चार हजार ५०० मिटरको उचाइमा पर्ने बुकीपाटन पदयात्राका लागि उत्कृष्ट गन्तव्य बनेको छ ।

वर्खायाममा बेसी क्षेत्रमा गर्मी हुने हुँदा शीतलता खोज्दै बुकीपाटन बढी चढ्ने तर अहिले चिसो बढेपछि बुकीपाटन जाने पर्यटक कम भएको ढोरपाटनका होटल व्यवसायी सन्देश थापाले बताए ।



असोजसम्म बुकीपाटन पुग्ने पर्यटकको संख्या धेरै भए पनि अहिले फाट्टफुट्ट मात्रै जाने गरेको उनको भनाइ छ ।

बुकीपाटन पुग्ने पर्यटकले हरियाली उच्च पहाड, पाटन, खर्क, दर्जनौं हिमशृंखलाको दृश्यावलोकन गर्न सक्ने हुँदा वर्खाको समयमा बढी पर्यटक बुकीपाटन उक्लिने थापा बताउँछन् । गोठाला वस्तुभाउ लिएर असोजमै बेसी झरेको उनको भनाइ छ । उनले भने, 'दुई वर्षदेखि त बुकीपाटनमा पर्यटकको आगमन व्यापक हुँदै गएको छ, पहिले गोठाला मात्रै बस्ने ठाउँमा अहिले टाढाटाढाबाट पर्यटक आउन थालेका छन् ।'

नेपालको एक मात्र शिकार आरक्ष क्षेत्रमा पर्ने बुकीपाटन बागलुङसहित रोल्पा, रुकुम, म्याग्दी र डोल्पाका पशुपालक किसानले वर्खाको समय चरन क्षेत्रका रूपमा प्रयोग गर्दै आएका छन् । ढोरपाटन नगरपालिका-८ का तुलबहादुर सुनारले आफू सबैभन्दा अन्तिममा बेसी झरेको सुनाए । धेरै गोठालाहरूले भदौ अन्तिम सातादेखि नै गोठ झार्न सुरु गरेको भन्दै आफू असोज दोस्रो सातामा त्रै झरेको उनको भनाइ छ । आफूले गोठ झार्ने बेला नै बुकीपाटन सुनसान भएको भन्दै अहिले चिसोका कारण कोही पनि पुग्न नसक्ने सुनार बताउँछन् ।

'यतिबेला त बुकीपाटनमा पानी जम्छ, धेरै चिसो हुन्छ, त्यहाँ गएर बस्न सकिदैन, गोठाला झरेपछि त्यो ठाउँ सुनसान भयो, अहिले कोही पनि छैनन् बुकीमा, बर्खामा पहिले-पहिले गोठाला मात्रै हुन्थ्यौं, अहिले त देश विदेशबाट घुम्न आउनेको भीड लाग्छ', सुनारले भने, 'अब गोठाला जेठ असार महिनामा मात्रै बुकी उक्लिन्छन्, त्यस बेलासम्म त्यो ठाउँ सुनसान हुन्छ ।'

चिसो बढेपछि ढोरपाटन उपत्यकामा पनि पर्यटकको आगमन कम भएको छ । अब हिउँ परेपछि हिउँखेल्न आउनेको संख्या बढी हुने स्थानीय पवन घर्तीमगरले बताए । ढोरपाटनमा चिसो बढ्दै गएपछि स्थानीय पनि बोबाङ, अधिकारीचौर लगायतका ठाउँमा झर्ने उनको भनाइ छ ।

पहिले अधिकांश ढोरपाटन उपत्यकावासी घुम्ती बसाइँ गर्थे । हिउँदमा बेसी र वर्खामा ढोरपाटनमा बस्ने गर्थे । तर अहिले ढोरपाटनमै बस्नेको संख्या बढेको छ । सडकले जोडिएपछि विस्तारै विकासले गति लिंदा धेरै स्थानीयको रोजाइमा ढोरपाटन परेको घर्तीमगर बताउँछन् । *रासस*

## ग्लोबल आइएमईको १९औं वार्षिक साधारणसभा सम्पन्न

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडको १९औं वार्षिक साधारणसभा बुधबार काठमाडौंमा सम्पन्न भएको छ । साधारणसभाले आर्थिक वर्ष २०८१/८२ को सञ्चित मुनाफा समेतबाट बैंकले आफ्ना सेयर धनीहरूलाई प्रस्ताव गरेको चुक्ता पुँजीको ८ प्रतिशत नगद लाभांश (कर सहित) प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरेको छ ।




सभाले सञ्चालक समितिको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन र एकीकृत वित्तीय विवरणलाई अनुमोदन गर्दै नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । बैंकले आर्थिक वर्ष २०८१/८२ मा रु. ७ अर्ब २३ करोड रूपैयाँ सञ्चालन मुनाफा तथा रु. ५ अर्ब ७ करोड रूपैयाँ करपछिको मुनाफा आर्जन गरेको थियो । साधारणसभामा आफ्नो मन्तव्य राख्दै अध्यक्ष ढकालले बैंकले नेपाल सरकार र नेपाल राष्ट्र बैंकको नीति, नियमहरूको पूर्ण परिपालना गर्दै सेयर धनीहरूलाई उचित लाभांश प्रदान गर्न प्रतिबद्ध रहेको बताए । साथै, बैंकले आफ्नो व्यावसायिक रणनीति अन्तर्गत नयाँ व्यावसायिक क्षेत्रहरूको सन्तुलित विस्तार गर्दै जाने योजना रहेको पनि उनले उल्लेख गरे ।

साधारणसभामा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडका प्रतिनिधि, सेयर धनी, संस्थागत सेयर धनीका प्रतिनिधि, सञ्चारकर्मी, नियामक निकायका प्रतिनिधिहरू, कर्मचारीहरू समेतको उपस्थिति रहेको थियो । ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकका ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व सङ्कलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित १,००० भन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ ।

बैंकले रेमिट्यान्स सेवामार्फत नेपाली नागरिकहरूलाई विश्वभरबाट आर्थिक सेवा उपलब्ध गराउँदै आएको छ । अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत र जोर्डनजस्ता देशहरूबाट बैंकले रेमिट्यान्स सेवा सञ्चालन गर्दै नेपालमा आर्थिक समृद्धिमा योगदान पुऱ्याउँदै आएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक